

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर

The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक

नगाँचा, कमलविनायक, भक्तपुर

लक्ष्मण तचामो

मो.नं. ९८०३६८७३२३



वर्ष : २५ ★ अङ्क : ३४४ ★ ने. सं. ११४४ थिंल्ला गा, षष्ठी ★ मङ्गलबार ★ १७ पुस, २०८० ★ January 2, 2024, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## एउटै पार्टीका सांसदबिच फरक विचार हुँदा समिति बैठक ढिलो सुरु !



काठमाडौँ, १६ पुस । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा संशोधनबारे छलफल भयो । विधेयकमा ७९ ओटा ऐन संशोधनको प्रस्ताव उल्लेख छ । सो विधेयकमा ७८ जना सांसदले संशोधन दर्ता गराउनुभएको थियो ।

बैठकमा एमालेका सांसद दामोदर पौडेल वैरागीले राष्ट्रपतिदेखि सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको पारिश्रमिक एवम् सुविधासम्बन्धी एकीकृत ऐन बनाउनुपर्ने संशोधन पेस गर्नुभयो ।

एमालेका अर्का सांसद रघुजी पन्तले सबै मन्त्रालयसँग सम्बन्धित विधेयक हुँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले मात्र जिम्मेवारी लिन नसक्ने हुँदा अन्य विधेयक सम्बन्धित मन्त्रीहरूको उपस्थितिमा छलफल गर्नुपर्ने प्रस्ताव राख्नुभयो ।

रास्वपाका सांसद गणेश पराजुलीले पनि सम्बन्धित विधेयकमा मन्त्रीलाई निम्ता गरी छलफल गर्नु उचित हुने विचार राख्नुभयो ।

नेकाका सांसद रमेश लेखकले एउटै विधेयकमा धेरै ऐन संशोधन प्रस्ताव अगाडि पनि आएको उल्लेख गर्दै छलफल अगाडि बढाउँदा आपत्ति नहुने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले एउटै विधेयकमा धेरै ऐन संशोधन यस अगाडि गरिएको भए पनि अब सच्याउनुपर्ने र विधेयकसँग सम्बन्धित मन्त्रीलाई उपस्थित गराई छलफल गर्नु उपयुक्त हुने विचार राख्नुभयो ।

विधेयकमा वैदेशिक रोजगारी ऐन संशोधन पनि उल्लेख भएको चर्चा गर्दै सांसद सुवालले वैदेशिक रोजगारीकै विषयमा दुई युवाको ज्यान गुमेको, कैयौँ घाइते भएको र पक्राउ परेको विषय कानुन मन्त्रालयसँग मात्र नजोडिएको उल्लेख गर्नुभयो ।

प्रहरी ऐन संशोधनमा शान्ति र अमनचयनको लागि गोली प्रहार गर्न नहुने, पानीको फोहरा फाल्ने, अश्रुग्यास प्रयोग गर्ने आदि विषय कानुनमन्त्रीसँग होइन गृहमन्त्रीसँग जोडिएको उल्लेख गर्दै सांसद सुवालले गृहमन्त्रीको जिम्मेवारी कानुनमन्त्रीबाट पूरा नहुने उल्लेख गर्नुभयो ।

सांसद सुवालले युवामाथि प्रहरीको गोली प्रहार सेलाउन नपाउँदै सामान्य प्रशासनमन्त्री पक्राउ परेको समाचार प्रकाशित भयो, यसबारे गृहमन्त्रीलाई बोलाई सम्पर्क गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

रास्वपाका डोलप्रसाद अर्यालले विधेयकसँग सम्बन्धित सबै मन्त्रीलाई संशोधनकर्ता सांसदहरू संशोधनबारे छलफल गर्न बोलाउनुपर्नेमा जोड दिनुभयो ।

एमालेका सांसद सूर्य थापाले विधेयकसँग सम्बन्धित मन्त्री उपस्थित नहुँदै संशोधन राख्नु भैंसीको अगाडि बाँसुरी बजाउनुजस्तै हुने उल्लेख गर्नुभयो ।

रास्वपाका अर्का सांसद सोविता गौतमले विधेयकको सैद्धान्तिक छलफलमा विधेयक कानुनमन्त्रीमार्फत पेस हुँदा ठीक, समितिमा सो विधेयक छलफल गर्दा बेठीक किन हुने भनी प्रश्न गर्नुभयो ।

एमालेका सचेतक महेश बर्तौलाले विधेयकबारे छलफल गर्ने कार्ययोजना भएको हुँदा बैठक अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

सांसद अमरेशकुमार सिंहले हिजोको अभ्यास यथावत नहुने उल्लेख गर्दै विधेयकसँग सम्बन्धित मन्त्री आवश्यक हुने उल्लेख गर्नुभयो ।

नेकाका सांसद गगन थापाले सबै विधेयकमा कानुन मन्त्रीलाई जवाफ दिन गाह्रो हुने उल्लेख गर्दै बैठकको सूचना समयमा नपुगेको बताउनुभयो ।

नेकाका सांसद बद्रीप्रसाद पाण्डेले कानुनमन्त्री तयारीसाथ उपस्थित भएका भए विधेयकबारे छलफल गर्न अर्को मन्त्री आवश्यक नभएको उल्लेख गर्नुभयो ।

नेकाकै अर्का सांसद सुशिला थिङले कानुन बनाउन कानुनमन्त्री समितिमा पुगे पर्याप्त हुने विचार राख्नुभयो ।

कानुनमन्त्री धनराज गुरुङले अन्य मन्त्रीसँग पनि छलफल गर्न सकिने उल्लेख गर्नुभयो ।

एमालेका सांसद रघुजी पन्तले आफूले एमाले सचेतक बर्तौलालाई विधेयकसँग सम्बन्धित मन्त्रीलाई बोलाएर एउटा एउटामा छलफल गर्न सुझाएको दोहोऱ्याउनुभयो ।


## माओ दिवसमा 'किसान सङ्घर्ष' बारे अन्तरक्रिया कार्यक्रम

बाँके, १६ पुस । नेमकिपा बाँकेद्वारा १३० औँ माओ जयन्ती 'किसान सङ्घर्ष' प्रकाशनबारे एक अन्तरक्रिया कार्यक्रम गरी मनाइयो ।

बाँकेको कोहलपुरमा सम्पन्न भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले काङ्ग्रेस, एमाले र माओवादीहरूले सैद्धान्तिक सङ्घर्षभन्दा पनि लोभलालच, डर र धम्की देखाएर जनतालाई प्रभाव पार्न खोज्ने भएकाले तिनका कार्यकर्ताहरूमा झन्झन् पुँजीवादी चिन्तन हाबी हुँदै गएको बताउनुभयो ।

उहाँले देशमा क्रान्तिकारी भूमिसुधार लागु नभएसम्म गरिब किसानका छोराछोरीहरू विदेसिनुपर्ने बाध्यता नहट्ने भएकोले क्रान्तिकारी भूमिसुधार लागु गरी नेपालको परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो । किसानलाई मल, बीउबिजन, सिँचाइ, ढुवानी, बजार व्यवस्थापन र उत्पादनको उचित मूल्य निर्धारण गरिनुपर्ने विचार व्यक्त गर्दै उहाँले अन्नभण्डारको रूपमा परिचित तराई क्षेत्रमा शीतभण्डारहरू निर्माण गरी सिमानाका किसानलाई भारतको भरपर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा बाँके जिल्ला समिति अध्यक्ष बखत थापाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले नेपालको किसान आन्दोलनमा पार्टीले खेलेको भूमिका, किसान हकहितको निम्ति पार्टीले गरेको सङ्घर्ष, किसान कार्यकर्ताको एकता र राजनीतिक शिक्षाको विषयमा प्रकाश पार्नुभएको थियो ।



पार्टी जिल्ला समिति उपाध्यक्ष गौरीकान्त आचार्य, नेमकिपा जुम्ला जिल्ला समिति सचिव राजेश्वर देवकोटा, पार्टी कोषाध्यक्ष डिल्ली पुन, सहसचिव सूर्जा थापालगायतले किसान सङ्घर्ष बुलेटिनबारे आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव नवीन शाही, पार्टी जिल्ला समिति सदस्य अन्जिरबहादुर शाही, हीराबहादुर शाही तथा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बाँकेका संयोजक वीरबहादुर चौधरीलगायतले 'किसान सङ्घर्ष' बुलेटिनबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।


अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।

- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


## नेपाल पर्यटन बोर्डको स्थापना दिवसमा भक्तपुर नगरपालिकालगायत पाँच नगरपालिका सम्मानित

काठमाडौँ, १६ पुस । नेपाल पर्यटन बोर्डको २५ औँ स्थापना दिवसको अवसरमा नेपाल पर्यटन बोर्डको स्थापनाको औचित्य र नेपाललाई पर्यटकहरूको उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्नेबारे प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती, नेपाल पर्यटन बोर्डका संस्थापक अध्यक्ष दीपेन्द्रपुरुष ढकाल, वर्तमान अध्यक्ष दीपक काफ्ले, उपाध्यक्ष चन्द्रप्रसाद रिजाल, प्रमुख कार्यकारी अधिकृत धनन्जय रेग्मी, पर्यटन व्यवसायीहरू योगेन्द्र शाक्य र सृजना राणाले पर्यटन गतिविधि र पर्यटन विकासका आधारहरूबारे आ-आफ्नो भनाइ राख्नुभएको थियो ।

नेपाललाई पर्यटक गन्तव्यस्थलको रूपमा विकास गर्न विभिन्न गतिविधिसहित महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आउनुका साथै कला, संस्कृति र सम्पदा संरक्षणमा अग्रणी भूमिका निभाएकोले भक्तपुर नगरपालिकालाई प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो । पर्यटन गतिविधिमार्फत नेपालमा पर्यटकहरूको आकर्षणमा टेवा पुऱ्याउने ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, पोखरा महानगरपालिका र मध्यपुर थिमि नगरपालिकालाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो । पर्यटन व्यवसायमार्फत विदेशी मुद्रा आर्जनमा योगदान पुऱ्याउने व्यवसायीहरू योगन्द्र शाक्य, अम्बिका श्रेष्ठलगायत पर्यटन सम्बद्ध विभिन्न सङ्घ संस्थाहरूलाई पनि सम्मान गरिएको थियो ।

सांस्कृतिक कार्यक्रमसहित मनाइएको उक्त कार्यक्रममा नेपाल पर्यटन बोर्डका उत्कृष्ट कर्मचारीहरूलाई पनि पुरस्कारका साथ सम्मान गरिएको थियो ।

## 'कैफियत प्रतिवेदन' झिकाउने सर्वोच्चको आदेश

काठमाडौँ, १६ पुस । सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेलाई थुनामा राख्ने आदेश दिनुको 'कैफियत प्रतिवेदन' झिकाउने आदेश गरेको छ ।

न्यायाधीश कुमार रेग्मीको एकल इजलासले निजहरूलाई थुनामा राख्नुपर्ने कारणसहितको कैफियत प्रतिवेदन उच्च अदालत पाटनबाट झिकाउने आदेश गरेको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिनुभयो ।

थुनामै राखेर मुद्दाको प्रक्रियाअघि बढाउन माग गर्दै उच्च अदालत पाटनको आदेशविरुद्ध रायमाझी र पाण्डेले सर्वोच्च अदालतमा निवेदन दिनुभएको थियो । उक्त निवेदनमाथि सुनुवाइ गर्दै अदालतते कैफियत प्रतिवेदन झिकाउन आदेश गरेको हो ।

उक्त प्रकरणमा पूर्वमन्त्री रायमाझी र सचिव पाण्डेलाई जिल्ला अदालत काठमाडौँले थुनामा राख्न आदेश गरेको थियो । जिल्ला अदालतको सोही आदेशलाई उच्च अदालत पाटनले सदर गरेको थियो ।


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

आयव्यय विवरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिका कार्यालयको २०८० मंसिर महिनासम्मको आयतर्फ रु. ६४०३३९२४७।५६ र व्ययतर्फ रु. ५०१०७२६९४।३३ रहेको छ ।




लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को १९ औँ स्थापना दिवसको अवसरमा स्वास्थ्य उपसमितिको आयोजनामा भक्तपुरको इटाछेँ टोलमा सम्पन्न खुला रक्तदान तथा नाक, कान, घाँटीसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर । *तस्बिर : मजदुर दैनिक*

# मध्यपुरमा माओ दिवस

भक्तपुर, १६ पुस । नेपाल मजदुर किसान पार्टी मध्यपुर नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका गुरूद्वय स्तालिन र माओ त्सेतुङको जन्म दिवसको अवसरमा सोमबार विचार गोष्ठी भयो ।

कार्यक्रममा नेमकिपा मध्यपुर नगर समितिका अध्यक्ष रमेश वैद्यले स्तालिन र माओ त्सेतुङको जीवन सङ्घर्ष र क्रान्तिकारी भावनाबाट सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टी प्रकाशनहरू नियमितरूपमा अध्ययन गर्न सकेमात्र पार्टीको धारणा बुझ्न सक्ने स्पष्ट पार्दै उहाँले शत्रु र मित्र शक्ति चिनी सङ्घर्षको पाइला अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कम्युनिस्ट सरकारको प्रमुख नीति भनेको शिक्षा र स्वास्थ्य नि:शुल्क गर्ने, उत्पादनका साधन र स्रोत राष्ट्रियकरण गर्ने र कामदार जनताको हितमा नियम कानुन बनाउने हो, उहाँले भन्नुभयो ।

पूर्वशिक्षक सजीव श्रेष्ठले स्तालिनको योगदानले अक्टोबर समाजवादी क्रान्ति सफलतामा पुगेको बताउनुभयो ।

आजको चीन बन्नुमा अध्यक्ष माओको महत्त्वपूर्ण योगदान रहेको स्पष्ट पार्दै उहाँले माओका रचनाहरू अध्ययन गरी विचार विमर्श गर्नुपर्नेमा जोड दिनुभयो ।

सुरेन्द्र था श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रेमकृष्ण साछेँ श्रेष्ठ, दिलकृष्ण बाटा, सुन्दरराम थालगायतले बोल्नुभएको थियो ।

# बालकुमारी घटनाको छानबिन गर्न आयोग गठन

काठमाडौँ, १६ पुस । सरकारले गत शुक्रबार ललितपुरको बालकुमारीमा मानवीय तथा भौतिक क्षति हुने गरी भएको घटनाको निष्पक्ष र वस्तुगत छानबिन गर्न आयोग गठन गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको हो ।

सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश पौडेलको अध्यक्षतामा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुण विसी र गृहमन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहेको आयोग गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

आयोगलाई उक्त घटनामा भएको मानवीय तथा भौतिक क्षतिको अध्ययन तथा विश्लेषण गर्ने, उक्त घटनाको कारण र त्यस स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी कमीकमजोरी पहिचान गर्ने कार्यादेश दिइएको छ । आयोगले बालकुमारी घटनासँग सम्बन्धित व्यक्ति तथा पदाधिकारी एवं निकायको भूमिकाका बारेमा अध्ययन गर्ने, दोषी देखिएकालाई कारबाहीको सिफारिस गर्ने र आगामी दिनमा यस प्रकारका घटना हुन नदिन आवश्यक सुझाव पेस गर्ने मन्त्री शर्माले बताउनुभयो ।

आयोगलाई एक महिनाको समयावधि तोकिएको छ । आयोगले सुझावसहितको यथार्थ प्रस्तुत गर्ने र उक्त सुझावलाई सरकारले कार्यान्वयन गर्ने मन्त्री शर्माले जानकारी दिनुभयो । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछामको चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेखको महाबु गाउँपालिका-६ का सुजन राउतको ज्यान गएको थियो । ***रासस***

# 'जनताको सेवा गर' भन्ने माओ विचारलाई मनन गरौँ

काठमाडौँ, १६ पुस । विश्व सर्वहारावर्गका गुरु माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा आइतबार काठमाडौँ महानगरको क्षेत्रपाटीमा पार्टी कार्यकर्ता भेला गरी अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी केन्द्रीय सदस्य नारायण महर्जनले माओको 'जनताको सेवा गर' भन्ने भावनाअनुसार देशका कामदार जनताको सेवामा नेपाल मजदुर किसान पार्टी लागिरहेको बताउनुभयो ।

उहाँले हामी जनताप्रति जिम्मेवार हुनुपर्छ; माओले भन्नुभएझैँ जुनसुकै दर्जाका हाम्रा सबै कार्यकर्ताहरू जनताका सेवक हुन् र हामीले गर्ने जुनसुकै कुरा पनि जनताको सेवाका निम्ति हुनुपर्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले "माओले आधुनिक चीनको निर्माणको आधारशिला तयार गर्नुभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सन् १९६० को दशकमा चीनमा ठुलो आर्थिक सङ्कट आइपऱ्यो । माओले त्यसबेला सामान्यरूपमै जीवन यापन गर्नुभयो । उहाँको कोठामा कुनै महँगा सामान थिएनन्, पुरानै रुमाल, लुगाफाटो, जुत्ता र चप्पल प्रयोग गर्नुहुन्थ्यो ।"

"सांस्कृतिक क्रान्तिको कार्यभार भनेको पुरानो शैक्षिक प्रणाली, शैक्षिक दर्शन र विधिमा सुधार गर्नु हो । सांस्कृतिक क्रान्तिले विद्यार्थीलाई आलोचनात्मक दृष्टिकोण राख्न उत्साहित गऱ्यो , " उहाँले भन्नुभयो ।


नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले कम्युनिस्ट समाजको लागि मानिसलाई योग्य पार्ने, आम श्रमिक जनतामा पुराना थोत्रा प्रतिक्रियावादी संस्कारलाई हटाएर क्रान्तिकारी भावना भर्ने र उनीहरूलाई पुँजीवादी कार्यदिशाको विरोधमा सर्वहारा क्रान्तिको कार्यदिशाको निम्ति लड्ने काम माओले गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य तथा काठमाडौँ जिल्ला अध्यक्ष हरिशरण श्रेष्ठले चिनियाँ किसान आन्दोलनको विरोध गर्ने नेताहरूको विरुद्ध सङ्घर्ष गर्ने किसानहरूलाई वर्गीय चेतना दिने र राजनैतिक रूपले सचेत गर्ने, कार्य माओले गर्नुभएको बताउनुभयो ।

कर्मचारी समाजका जीपी लासिवाले अध्यक्ष माओले आफ्ना देशका युवाहरूलाई विदेशमा गएर सिक र आफ्नो देश तथा कामदार जनताको सेवा गर भनी सचेत गर्नुभएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिका एन. महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्यामकुमार महर्जन, विश्वक डंगोल, रमेश डंगोलले समाजवादी व्यवस्था पुँजीवादी व्यवस्थाभन्दा उत्तम रहेको, संसारका जनताले साम्राज्यवादबाट मुक्तिको बाटो खोजेको, चीनको उन्नतिले पुँजीवादी र साम्राज्यवादी देशहरू तर्सिरहेका छन् भन्नुभयो ।

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं. ८५२ का सदस्य **कृष्णभक्त कोजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म** : २००४/०६/०५
**निधन** : २०८०/०९/१४

**श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
जँला-८, भक्तपुर

# भौतिक पूर्वाधार तथा यातायातमन्त्री र श्रम मन्त्रालयको भूमिकाबारे छानबिन गर्न निर्देशन

काठमाडौँ, १६ पुस । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले ललितपुरको बालकुमारीमा शुक्रबार मानवीय तथा भौतिक क्षति हुनेगरी भएका घटनाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको भूमिकाका बारेमा छानबिन गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको आजको बैठकले आगामी दिनमा यस प्रकारका घटना नहोस् भनी सम्बन्धित सबै पक्षलाई सजग र जिम्मेवार रहनसमेत निर्देशन दिएको छ । बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फारम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका क्रममा शुक्रबार अछाम चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका-६ का सुजन राउतको मृत्यु भएको थियो । आक्रोशित प्रदर्शनकारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सवार सवारीमा आगजनी गरेका थिए ।

सरकारले सो घटनाको निष्पक्ष र वस्तुगत अनुसन्धान गर्न उच्च अदालतका पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ ।

बैठकले मृतकका परिवारलाई थप आर्थिक राहत तथा मृतकका परिवारलाई रोजगारीका अवसर उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको समिति सभापति रामहरि खड्काले जानकारी दिनुभयो । बैठकले सुरक्षा निकायलाई पर्याप्तमात्रामा आवश्यक स्रोतसाधन उपलब्ध गराउन निर्देशन दिएको छ ।

समितिको बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलगायतको उपस्थिति थियो । (**रासस**)

## शारदा माध्यमिक विद्यालय

यालाछेँ-२, भक्तपुर

## शिक्षक आवश्यकतासम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०९/१७ गते

यस विद्यालयमा तपसिलबमोजिम रिक्त पदमा करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरूबाट शिक्षक सेवा आयोगको करार सूचिकाले ७ दिन र अन्यले १५ दिनभित्र रीतपूर्वक हस्तलिखित निवेदन पेश गर्न सूचित गरिन्छ ।

तपसिल

| क्र.सं | पद तथा श्रेणी | विषय | किसिम | सङ्ख्य | शौक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक, नि.मा.वि. तृत्तीय | गणित | करार | १ | शिक्षक सेवा आयोगले तोकिएअनुसार |

१. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
२. **परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र आवश्यकताअनुसार प्रयोगात्मक
३. **परीक्षा दस्तुर** : रु. १०००।- (विद्यालयमा बुझाउने)
४. **दर्खास्त दिने अन्तिम मिति** : २०८० माघ २ गते
५. **सम्पर्क** : २०८० माघ ३ गते
६. **परीक्षा मिति** : सम्पर्क मितिको दिन जानकारी गराइने ।
७. **परीक्षा पाठ्यक्रम** : शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम ।
८. **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, स्थायी अध्यापन पत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो १, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, तालिम प्राप्त प्रमाणपत्रको प्रतिलिपि ।

***करार शिक्षक छनोट समिति***

# अङ्ग्रेजी नयाँ वर्षमा भक्तपुरका पर्यटकीयस्थलमा चहलपहल

भक्तपुर, १६ पुस । अङ्ग्रेजी नयाँ वर्ष सन् २०२४ को पहिलो दिन भक्तपुरका प्रमुख पर्यटकीयस्थलमा चहलपहल देखिएको छ । नगरकोटदेखि रानीकोटसम्मका होटल बाह्य तथा आन्तरिक पर्यटकले भरिभराउ छन् । पर्यटक खचाखच भएपछि यहाँका पर्यटन तथा होटल व्यवसायी उत्साहित भएका छन् ।

कोरोना महामारीले थलिएको पर्यटन व्यवसाय आन्तरिक पर्यटकको आगमन बढेपछि लयमा फर्किएको छ । अङ्ग्रेजी नयाँ वर्षको पहिलो सूर्योदयलाई स्वागत गर्न स्वदेशी तथा विदेशी पर्यटक नगरकोट पुगेका छन् । आइतबार राति बास बसेर सोमबार बिहान सूर्योदयसँगै हिमाली दृश्य हेर्ने पर्यटकको आगमन नगरकोटमा बाक्लो थियो । लामो समय ओरालो लागेको पर्यटन व्यवसायमा दुई वर्षयता चहलपहल बढेको र यस वर्षको अङ्ग्रेजी नयाँ वर्षमा भने पर्यटकीय चाप बढ्दा व्यवसायीमा उमङ्ग थपेको नगरकोट बेस क्याम्प रिसोर्टका सञ्चालक अशोक थापा बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "विदेशी पर्यटकको चाप पनि बढ्दै गएको छ, स्वदेशी पर्यटकको चाप ह्वात्तै बढेको छ ।" सामान्यदेखि तारे होटलमा नगरकोटमा नयाँ वर्षमा स्वदेशी पर्यटकको चाप निकै बढेपछि व्यवसायी उत्साहित भएका छन् ।

स्वदेशी पर्यटकको आगमनले नगरकोट होटल भरिएका होटल मेरीगोल्ड नगरकोटका सञ्चालक गोकुल लामिछाने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कोरोनापछि पहिलोपटक यतिधेरै पर्यटक आएका छन् ।"

चाँगुनारायण नगरपालिका-६ नगरकोटका वडाध्यक्ष एवं नगरकोट नाल्दुम पर्यटन व्यवसायी सङ्घका पूर्वसचिव धनबहादुर लामाले नयाँ वर्षमा आन्तरिक पर्यटक नै बढी मात्रामा घुम्न आएका बताउनुभयो ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले आन्तरिक र बाह्य पर्यटकलाई लक्षित गरी नगरपालिकाले २०८२ सालमा नगरकोट भ्रमण वर्ष मनाउन लागेको बताउनुभयो । त्यसका लागि नगरपालिकाले आवश्यक पूर्वाधार निर्माणमा यस वर्ष रु. एक करोड बजेट विनियोजन गरेको बताउनुभयो । उहाँले नगरकोटदेखि चाँगुनारायण मन्दिरको प्रचारप्रसार गर्न भ्रमण वर्ष मनाउन लागिएको बताउनुभयो ।

सूर्यविनायक नगरपालिका-७ गुण्डु र वडा नं ८ सिपाडोलको संगमस्थल रानीकोट र घ्याम्पेडाँडाका सबै होटल आन्तरिक पर्यटकले भरिएका छन् । यहाँ पर्यटकले रातभरि नाचगान गरी नयाँ वर्ष मनाएको होटल व्यवसायी रामसुन्दर बक्केले बताउनुभयो । नयाँ वर्षका लागि आफ्नो होटल सात दिनअघि नै बुक भएको उहाँको भनाइ छ । ***रासस***

# दुल्लुमा माओ जयन्ती

दैलेख, १५ पुस । नेपाल मजदुर किसान पार्टी दुल्लु नपा वडा नं. १२ पार्टी वडा समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३० औं जन्म दिवस कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा दैलेख जिल्ला समितिका अध्यक्ष जगत वलीले चिनियाँ जनताको मुक्ति दिलाउन नेता माओ त्सेतुङले कठिन सङ्घर्ष गरेर किसान र मजदुरवर्गलाई सङ्गठित गराई समाजवादी क्रान्ति सम्पन्न गर्नुभएको चर्चा गर्नुभयो ।

नेमकिपाका पूर्व केन्द्रीय सदस्य उदयजङग शाहीले चीनलाई विभाजित गरी उपनिवेश बनाएका देशहरूको विरुद्ध सङ्घर्ष गरी देशलाई बचाउनुभयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समितिका उपाध्यक्ष लक्ष्मीकुमार विक पार्टी जिल्ला समितिका सल्लाहकार सदस्य मोतीराम लम्साल, पार्टी वडा अध्यक्ष खड्कप्रसाद दाहाल र पृथ्वी पन्तले पनि बोल्नुभएको थियो ।

# चिया टिप्ने कार्य सम्पन्न

मङ्गलबारे (इलाम), १६ पुस । चिया उत्पादन हुने जिल्ला इलामसहितका जिल्लामा चियाको टिपाइ बन्द भएको छ । हिउँद लागेसँगै हरियो चियाको उत्पादन बन्द भएको हो । चियाको उत्पादन मङ्सिर अन्तिमदेखि बन्द भएसँगै किसान चियाको बोट छाँटकाटमा लागेका छन् । प्रायः बर्खायाममा उत्पादन हुने चिया मङ्सिर अन्तिमदेखि पूर्णरूपमा बन्द हुने गरेको छ ।

उत्पादन बन्द भएपछि कारखानाले यसअघि तयार गरेको चियालाई ग्रेडिङ र चिया निर्यातलाई प्राथमिकता दिन थालेका छन् । प्रशोधित चियालाई विभिन्न वर्गमा ग्रेडिङ गरेर बिक्रीका लागि तयार गरिन्छ ।

उत्पादन बन्द भएपछि किसान भने यतिबेला बोटको चिया काट्न व्यस्त छन् । यतिबेला काटिएको चियाबाट पुनःवैशाख महिनादेखि उत्पादन सुरु गरिन्छ । योबेला चियाको बोटलाई छाँटकाट गर्नुपर्ने हुन्छ । मल हाल्ने बेला पनि यही हो । केही किसानले चैत महिनाभित्रै चियाको फेद वरिपरि खनेर मल हाल्ने गर्छन् । बर्खामा पलाउने झारलाईसमेत यही बेला फाल्ने गरिन्छ ।

आफ्नै ज्ञानअनुसार पुरानै तरिकाबाट चिया छाँटकाट गर्दै आएका किसान पछिल्लो समय प्राविधिक तालिमपछि आधुनिक तरिकाले चिया काट्न थालेका छन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गत वर्षदेखि किसानलाई तालिम दिन दिएकाले आधुनिक तरिकाबाट चिया काट्न थाले पनि अझै पर्याप्त सिकाइ नपुगेको सम्बद्ध किसानको भनाइ छ ।

गत वर्ष नै चियाको गुणस्तर र उत्पादन वृद्धिका लागि उक्त बोर्डले गुणस्तरीय चिया टिपाइसम्बन्धी तालिम दिएपछि किसानलाई केही सहज भएको थियो । बिचमा चियाखेतीप्रति कम चासो दिएका किसानलाई केही राहत भए पनि अझ पर्याप्त सिकाइ नपुगेको उनीहरू बताउँछन् । सूर्योदय नगरपालिकाको फिक्कल, देउमाई नगरपालिकाको मङ्गलबारे, इलाम नगरपालिका, शान्तिडाँडा, जस्बिरे, साँखेजुङलगायत स्थानमै पुगेर उक्त बोर्डले दुई हजार सात सय ९० जनालाई तालिम दिएको थियो ।

नेपालमा उत्पादन हुने चिया १० प्रतिशत नेपालमै खपत हुने तथ्याङ्कमा उल्लेख छ । करिब २० प्रतिशत तेस्रो मुलुक र बाँकी भारत जाने गरेको छ । उक्त बोर्डको तथ्याङ्कअनुसार इलाममा आठ हजार आठ सय ७६ किसान चियामा आश्रित छन् । जिल्लाको सात हजार दुई सय ३६ हेक्टर जमिनमा चियाखेती भइरहे पनि समयमा चियाको मूल्य पाउन अझै पनि किसानलाई समस्या हुँदै आएको छ । **(रासस)**



**जलवायु सम्मेलनमा सहभागीहरू :** मेलम्ची नगरपालिकाको ज्यामिरेस्थित गुफाडाँडामा सोमबार आयोजना गरेको जलवायु सम्मेलनमा सहभागीहरू । यस स्थानमा २०७५ सालमा राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा जिल्ला समन्वय समितिले प्रथम जलवायु सम्मेलन गरेको थियो । त्यसपछि प्रत्येक वर्ष जनवरी १ का दिन जलवायु दिवस मनाइँदै आएको छ । *तस्बिर : देवराज सुवेदी/रासस*

# अपराध अनुसन्धानमा सहयोगी बन्दै राजमार्गका सीसीटीभी

कञ्चनपुर, १६ पुस । शुक्लाफाँटा नगरपालिका- १० झलारी बजारमा केही महिनाअघि रातको समयमा चोरले पसलको ताला फोडेर मदिरा चोरी गरे । चोरले मदिरा लग्दै गरेको दृश्य सिसिटिभीमा कैद भयो । सोही आधारमा प्रहरीले चोरलाई समात्न सक्यो ।

झलारी बजारकै व्यापारी कमला ऐरको पसलअघि राखिएको एक साइकल चोरी भयो । सिसिटिभीमा साइकल चोरी गरेर लग्दै गरेका व्यक्तिको तस्बिर देखियो । प्रहरीले सोही तस्बिरका आधारमा व्यक्तिको खोजी गर्दा साइकलसमेत भेटियो ।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक ईश्वर थापा सिसिटिभी क्यामेरा पूर्वपश्चिम राजमार्गमा जडान गरिँदा अपराध अनुसन्धानमा सजिलो भएको बताउनुहुन्छ । "सडक क्षेत्रमा सिसिटिभी क्यामेरा जडान हुँदा यात्राका क्रममा सवारीसाधनमा छुटेका, हराएका सामान बहुमूल्य गरगहना खोजी गर्न सकिएको छ", उहाँले भन्नुभयो, "त्यस्ता सामान खोजी गरी सम्बन्धित व्यक्तिलाई बुझाउन सिसिटिभी क्यामेरा सहयोगी बनेको छ ।"

सवारी दुर्घटना, विभिन्न आपराधिक घटनामा संलग्नको पहिचान गरी अनुसन्धानमा सहजता भएको उहाँको भनाइ छ । सडक क्षेत्रका मुख्य बजार क्षेत्रमा हुने ट्राफिकसम्बन्धी समस्या कार्यालयमा राखिएको मोनिटरमा हेरेर नियन्त्रणका लागि प्रहरी परिचालन गरी नियन्त्रणसमेत हुँदै आएको उहाँले सुनाउनुभयो ।

राजमार्ग क्षेत्रको शुक्लाफाँटाबाट कृष्णपुर नगरपालिका क्षेत्रसम्म ६२ वटा सिसिटिभी क्यामेरा जडान गरिएका छन् । जसमध्ये सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा २२, शुक्लाफाँटा नगरपालिकाको सहयोगमा १२ र कृष्णपुर नगरपालिकाको सहयोगमा २९ वटा क्यामेरा जडान गरिएका छन् । राजमार्गका मुख्य बजार क्षेत्रका व्यापारी र घरधनीलेसमेत आफ्नै लगानीमा सिसिटिभी क्यामेरा जडान गर्न थालेका छन् ।

सुदूरपश्चिम प्रदेश सरकारले तीन वर्षअघि जडान गरेका सिसिटिभीमध्ये केही बिग्रिएकाले मर्मत गर्नुपर्ने शुक्लाफाँटा उद्योग वाणिज्य सङ्घका अध्यक्ष धीरेन्द्र साउदले बताउनुभयो । "बिग्रिएका सिसिटिभी क्यामेरा तत्काल मर्मत गरी सञ्चालनमा ल्याउनुपर्छ", उहाँले भन्नुभयो, "थप सिसिटिभी क्यामेरा जडानका लागि स्थानीय तहले काम अघि बढाउनुपर्छ ।" सिसिटिभी क्यामेराले गर्दा आपराधिक क्रियाकलाप नियन्त्रण आएको उहाँको बुझाइ छ ।

शुक्लाफाँटा नगरप्रमुख रणबहादुर महराले आवश्यकता भएका नगरपालिकाको क्षेत्रभित्र पर्ने पूर्वपश्चिम राजमार्ग क्षेत्र र राजमार्गसँगै जोडिएका मुख्य बजार क्षेत्रमा थप सिसिटिभी क्यामेरा जडान गरिने बताउनुहुन्छ । नगरपालिकाबाट राजमार्ग छेउछाउ, वडा कार्यालयले आपराधिक क्रियाकलाप हुने क्षेत्रसँगै जङ्गली जनावरको ओहोरदोहोर हुने क्षेत्रमा समेत नाइटभिजन सिसिटिभी जडान गरेको उहाँको भनाइ छ ।

सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७७/७८ मा रु. एक करोड ७१ लाखमा पूर्वपश्चिम राजमार्गको कैलाली कञ्चनपुरमा एक सय ३८ वटा सिसिटिभी जडान गरेको थियो । राजमार्गको कैलाली खण्डमा ९२ र कञ्चनपुरमा ४२ स्थानमा सिसिटिभी जडान गरेको छ । सिसिटिभी क्यामेराको निगरानी गर्न राजमार्ग क्षेत्रका इलाका प्रहरी कार्यालयमा स्टेशन बनाइएको छ । **(रासस)**

# नौबस्ता बाल सुधारगृहका बालबन्दीबिच फेरि विवाद

जानकी (बाँके), १६ पुस । बाँकेको नौबस्ता क्षेत्रीय कारागारमा सञ्चालित बालसुधार गृहमा बालबन्दीबिच फेरि विवाद सुरु भएको छ । डुडुवामा रहेको बालसुधार गृहबाट लगिएका १८ वर्षभन्दामाथिका बालबन्दीबिच शुक्रबारदेखि विवाद सुरु भएको हो । तर अहिले अवस्था सामान्य रहेको उक्त बालसुधार गृहका प्रमुख श्याम रानाले बताउनुभयो ।

बालसुधार गृहका प्रमुख रानाले भन्नुभयो, "डुडुवास्थित जयेन्द्र बालसुधार गृहमा विसं २०८० असोज ४ गते तोडफोड र झगडा गरेका दुई समूह यस बालसुधार गृहमा राखिएका छन् । तिनै दुई समूहका बालबन्दीबिच उतिबेलाको विषयलाई लिएर झगडा भएको हो । अहिले अवस्था केही सामान्य बनेको छ ।"

डुडुवा गाउँपालिका-६ असमानपुरस्थित बालसुधार गृहमा गत असोज ४ गते राति बालबन्दीबिचमा भएको झडपमा परी एक बालबन्दीको ज्यान गएको थियो भने ११ जना घाइते भएका थिए । त्यसपछि उनीहरूलाई नौबस्ता क्षेत्रीय कारागार सारिएको थियो । तर उनीहरूले नौबस्ता कारागारबाट पनि बाल बिज्याइँ गर्न सुरु गरेको रानाको भनाइ छ ।

बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले नौबस्ता कारागारको बालसुधार गृहमा कुनै प्रकारको घटना नघटोस् भन्दै सुरक्षासमेत बढाइएको बताउनुभयो । "अहिले अवस्था सामान्य छ । तर कुनै प्रकारको घटना नघटोस् भनेर सुरक्षा व्यवस्थालाई हामीले थप बलियो बनाएका छौँ", प्रजिअ पोखरेलले भन्नुभयो, "एक समूहले बिहानदेखि खाना खाएका थिएनन् । उनीहरूलाई खाना खुवाउने सहमतिमा सुरक्षाकर्मीभित्र पसेका छन् । सोही क्रममा बालबन्दीको अवस्था बुझ्नेक्रम जारी छ ।"

नौबस्तामा क्षेत्रीय कारागार सञ्चालन गरिए पनि त्यहाँका चार वटा ब्लकमध्ये एउटा ब्लकमा बालसुधार गृह सञ्चालन गरिएको छ । क्षेत्रीय कारागार नौबस्तामा रहेको बालसुधार गृहमा हाल एक सय २६ जना बालबन्दी छन् । उक्त स्थानमा हाल पर्साबाट १५, हेटौंडाबाट १८, रूपन्देहीबाट १४ र बाँकेको आसमानपुर बालसुधार गृहबाट ७९ बालबन्दीलाई राखिएको छ । **(रासस)**

# सीमा बस्तीका स्थानीयको दुखेसो हात्तीबाट जोगिन गाह्रो भयो

महेन्द्रनगर (कञ्चनपुर), १६ पुस । दोधारा चाँदनी नगरपालिका-३ बडुवाल टोलका कमला सुनारले खेतबारीमा फलेको अन्न हात्तीबाट जोगाउन निकै सङ्घर्ष गर्दै हुनुहुन्छ । साढे दुई दशकदेखि नेपाल-भारत सीमा बस्तीमा बस्दै आएका सुनारले छोरीका लागि बनाइदिएको घरमा भत्काएर दुई बोरा धान जङ्गली हात्ती नगट गरेपछि कसरी छाक टार्ने भन्ने समस्याले चिन्तित हुनुहुन्छ ।

"छोरीले गाउँमै केही गरेर जीविका चलाउला भनेर टिन हालेर होटल खोलिदिए", कमलाले भन्नुभयो, "होटलबाट जीविका चलाउन गाह्रो भएपछि मजदुरीका लागि भारत गएकी छोरीको घरको छानो नै हात्तीले केही दिन अघि भत्काइदियो ।"

नेपाल-भारत सीमास्तम्भ नं ८०० सय नजिक सुनारको घर छ । भारतीय जङ्गलबाट आउने हात्तीको बथानले कमलाजस्तै बस्तीका अधिकांश स्थानीय पीडित छन् । "हरेक दिन राति हात्तीकै त्रासदीले अनिँदो बस्नुपरेको छ", सुनारले भन्नुभयो, "हात्ती गाउँमा पल्किएर खेतमा मात्रै होइन घरभित्रको अन्नसमेत खान छाड्दैनन् ।"

दोधारा चाँदनी नगरपालिका-३ का वडा सदस्यसमेत रहेका बडुवाल टोलका लक्ष्मी रानाले सीमा बस्तीका स्थानीयले जङ्गली हात्तीबाट प्रताडित हुन थालेको १२ वर्ष बितिसकेको बताउनुभयो । "दोधारा चाँदनीमा मात्रै केही समययता हात्तीको आक्रमणबाट दुई जनाले ज्यान गुमाइसके", वडा सदस्य रानाले भन्नुभयो, "यो पटक मात्रै बडुवाल टोलमा आठ घर हात्तीले भत्काएका छन् ।" उहाँले जग्गाधनी पुर्जा नहुँदा वन्यजन्तुबाट ज्यान गुमाउँदा राज्यबाट पाउने क्षतिपूर्तिसमेत नपाएको उहाँको भनाइ छ ।

भौगोलिकरूपले विकट बडुवाल टोलको पश्चिमतर्फ भारतीय जङ्गल पर्छ । जोगबुढा नदी पारिको बस्ती बडुवाल टोलबाट हात्तीकै त्रासदीले स्थानीय सीता सुनारले १८ कठ्ठा खेत नै बाँझो राख्नुभयो । "भारतीय जङ्गलबाट आउने हात्तीले अन्नबाली सखाप पार्न थालेपछि खेत नै खाली छोडिदिए", उहाँले भन्नुभयो, "हात्ती नियन्त्रणका लागि सरकारले ठोस कदम नै चालेन ।"

प्रायःबस्तीमा हात्तीको बथान आइरहने बताउँदै उहाँले हात्ती धपाउन गाउँमा आगो बाल्नेदेखि होहल्ला गर्ने काम गर्नु नै आफूहरूको दैनिकी बनेको सुनारको भनाइ छ । उता वडा सदस्य रानाले हात्तीपीडितका लागि दोधाराचाँदनी नगरपालिकाले रु. दुई लाख बजेट विनियोजन गरेर राहत सामग्री वितरण गरिएको बताउनुभयो ।

"दातृ निकायबाट पनि हात्तीपीडित भनेर गाउँमा धेरै सहयोग भएको छ", उहाँले भन्नुभयो, "हात्ती नियन्त्रणका लागि तारजालीको आश्वासन मिले पनि उपलब्ध भएको छैन ।" उहाँले स्थानीयले खेतमा गरेको मेहनत नै हात्तीका कारण असुल हुन समस्या भइरहेको बताउनुभयो ।

त्यसैगरी बडुवाल टोलमा रहेको गणेश आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर ओलीले बडुवाल टोलमा स्थानीयले सीमा संरक्षणमा पहरेदारी गरे पनि नागरिकले जिउधनको रक्षामा सरकार गम्भीर नभएको बताउनुभयो ।

"यतिका वर्षदेखि सीमामा दुःख कष्ट सहेर बसिरहँदा हामीले हात्तीको आक्रमण एवं क्षति रोक्न दीर्घकालीन उपाय खोज्न सकेनौं", उहाँले भन्नुभयो, "सीमाको वनक्षेत्रमा तारजाली लगाएर हात्ती नियन्त्रणका लागि गाउँलेले धेरैपटक माग गर्दा वास्ता भएन ।" तीन सयभन्दा बढी परिवारको बसोबास रहेको बडुवाल टोलमा अधिकांश पुरुष ज्याला मजदुरीका लागि भारतका विभिन्न सहरमा गएर जीविकोपार्जन गर्दै आएका छन् । (**रासस**)

।  सम्पादकीय ।

'साम्यवाद' बारे छलफल चालु

## समाजवाद साम्यवादमा रूपान्तरण हुने

समाजवाद पुँजीवाद र साम्यवादको बिचको सङ्क्रमण काल मानिन्छ । मार्क्स र एङ्गेल्सले काल्पनिक र समाजवादीहरूको चिन्तनलाई मानव समाजको विकासको ऐतिहासिक पदचिह्नहरूलाई वर्ग विश्लेषण एवं राज्यसत्ताको चरित्रसँग व्याख्या गर्दै पुँजीवाद र साम्यवादसम्म एकै फड्कोमा होइन स्थान र समयअनुसार समाजवादको सङ्क्रमणबाट साम्यवादी समाजमा रूपान्तरण हुने वैज्ञानिक दृष्टिकोण प्रस्तुत गर्नुभयो ।

१) साम्यवादी समाज एक वर्गविहीन समाज हुन्छ । २) वर्गविहीन समाजमा दबाउनुपर्ने कुनै वर्ग नै नहुने हुँदा राज्य सत्ता 'ओइलाइने' छ । ३) त्यस समाजमा योग्यताअनुसारको काम र आवश्यकताअनुसारको वितरण हुनेछ वा पाउनेछ । ४) साम्यवादी समाजमा बुद्धिजीवीकरण हुने हुँदा शारीरिक र बौद्धिक कामको भेद हुनेछैन । त्यसको अर्थ त्यस समाजमा शारीरिक श्रम र बौद्धिक श्रमको भेद हट्नेछ । ५) वर्तमान समाजकै यान्त्रीकरण र स्वचालित प्रविधिको विकास हुँदै खेतीपाती र कलकारखाना (उद्योग) पनि यान्त्रीकरण र स्वचालित हुँदा किसान र मजदुरको भेद हट्नेछ ।

साम्यवादी समाजमै नि:शुल्क शिक्षा र समाजको बुद्धिजीवीकरणले सबै युवाहरू एक एक विषयको विशेषज्ञ हुनेछन् । उत्पादनका साधन र सेवाहरू सबै समाजको भएको हुँदा वैज्ञानिक र बुद्धिजीवीहरूसमेत कुनै पुँजीपति र कम्पनीको मजदुर नहुने हुँदा सबै समाजका कामदार हुनेछन् जसलाई सर्वहारा बनाउनेछन् । ६) छरिएर रहेका गाउँहरू अनेक योजनाबद्ध सहरहरूको विकास हुनेछ । ती साना-ठुला सहरहरू उत्पादनमा विशेषतासहितका हुनेछन् । सहरमा चिडियाघर, म्युजियम (सङ्ग्रहालय), ब्रह्माण्डको अध्ययन गर्ने 'नक्षत्र अध्ययन स्थल' आदि हुनेछन् ।

यसप्रकारले त्यो साम्यवादी समाजमा गाउँ र सहरको भेद हट्नेछ । तर, सहरहरूको रूप र आकार एवं भवनहरूको वास्तुकलामा नगर हेरी फरक फरक रहनेछ । आज पनि चीन, भियतनाम, प्रजग कोरिया, क्युवाजस्ता समाजवादी देशहरूको आ-आफ्नै 'चरित्र भएका' कार्यशैली र वास्तुकला छन् ।

**समाजवाद कसरी सङ्क्रमणकाल हुनेछ ?**

१) पुँजीवादी व्यवस्थाको विरोधमा सङ्घर्षबाट प्राप्त हुने समाजवादी व्यवस्था उत्पादनका सबै साधन, उद्योगधन्दा र ठुलठुला खेती, निजी पोखरी र वनजङ्गल, चरण एवं बैङ्क, हवाई, रेल, बस सेवा सबै समाजको हुनेछ । त्यस्तै निजी विद्यालयदेखि विश्वविद्यालय सबै समाजको हुनेछ ।

एक एक पाइला गर्दै उद्योगपति, जमिनदार, साहुमहाजन र बैङ्कपतिहरूले कामदार जनताकै सेवामा काम गर्नेछन् । प्राध्यापक, वकिल, डाक्टर, वैज्ञानिक र अनेक प्राविधिकहरू सबै निजी संस्थाका कामदारहरू समाजका कामदार वा स्वयंसेवक हुनेछन् । कुनै व्यक्ति वा कम्पनीका नोकर हुनेछैनन् ।


पुँजीवादी व्यवस्थाबाट समाज मुक्त भएको एक ऐतिहासिक समयसम्म समाजवादी समाजको सुरुको चरणमा 'नयाँ शिशुमा गर्भको रगतको टाटा' रहेजस्तै भ्रष्टाचार, जातीय र भाषिक भेदभाव, वर्गीय भेदभाव रहनेछन् । बिस्तारै त्यस्ता भेदभावहरू पनि चेतनाको स्तर र पेसाको मित्रताले सामाजिक र वर्गविहीनतातिर समाज अग्रसर हुँदै जानेछ ।

१) समाजवादमा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला प्राप्त गर्नेछ । प्रत्येक युवाले व्यक्तित्व विकासमा समान अवसर पाउनेछन् ।

३) विभिन्न जातजाति र भाषाभाषीहरूको बिचमा समानस्तरको शिक्षा र वैज्ञानिक दृष्टिकोणको विकासमा प्राथमिकता दिइनेछ ।

४) समाजवादी समाज एकपछि अर्को परिष्कृत चरण पार गर्दै साम्यवादी समाजमा पदार्पण हुँदै जानेछ । तर, समाजमा वर्गीय दृष्टिकोण परिपक्व नभएसम्म, पुँजीवादी राज्य सत्ताको प्रभाव प्रबल भएसम्म पूर्वी युरोपमा जस्तै पुँजीवादको पुन:स्थापना पुँजीवादी व्यवस्थामा क्षणिक राजतन्त्र पुन:स्थापना हुने सम्भावना रहन्छ । अन्तत: समाजवादकै विजय हुन्छ र समाजवादबाट विश्व नै एक साम्यवादी समाजमा रूपान्तरण हुनेछ ।

# चेपाङ, चिउरी र चमेरो



भैरव रिसाल

साँच्चै हो, सरकारको आँखा चेपाङ समूहतर्फ पर्न लागेको ? चेपाङ समुदायको बाक्लो बस्ती भएका ठाउँ धेरै छैनन् । चितवनको राप्ती र कालिका नगरपालिका, चितवनकै इच्छाकामना, मकवानपुरको रोक्सिराङ तथा धादिङको गजुरी रोराङ बेनिघाट गाउँपालिकामा सो कार्यक्रम लागु गर्न लागिएको सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिए । उनका अनुसार मन्त्रालयले कार्यविधि तयार गरे अर्थ मन्त्रालय पठाइसकेको छ । मन्त्रिपरिषद्बाट कार्यविधि पारित भएपछि यसको कार्यान्वयनको लागि स्थानीय तहमा बजेट पठाइनेछ । प्रदेश सरकारले यस वर्ष 'चिउरी र चमेरो' संरक्षणको लागि पचास लाख रुपियाँ विनियोजन गरेको छ । यो कार्यक्रम आर्थिक तथा सामाजिकरूपमा विपन्न एवं पिछडिएका सीमान्तकृत चेपाङ समुदायको जीविकोपार्जनको अतिरिक्त आर्थिक तथा सामाजिक क्षेत्रमा जीवनस्तर सुधार्नको लागि महत्त्वपूर्ण हुने विश्लेषण गरिएको छ । चेपाङ समुदायको आर्थिक तथा सामाजिक क्षेत्रमा सशक्तीकरण गर्नुका साथै परम्परादेखि जोडिँदै आएको चेपाङ, चिउरी र चमेराबिचको पारिस्थितिक प्रणाली सुदृढ पार्न सशक्त भूमिका खेल्ने विश्वास गरिएको छ । चेपाङ जातिको चिउरी र चमेरा प्रजातिसँग लामो समयदेखि प्रगाढ सम्बन्ध छ ।

**बालकमै आमा चेपाङ केटी**

चेपाङ जातिमा छोरीको विवाह गर्दा एउटा चिउरीको बिरुवा दाइजो दिएर छोरी अन्माइन्थ्यो । त्यो बिरुवा हुर्काएर घरको अर्थतन्त्र उकासिन्थ्यो । यो परम्पराले चेपाङ र चिउरीको के सम्बन्ध रहेछ, प्राचीन कालदेखि अलिकति पुनरावलोकन गरेमा अरू धेरै कुरा पत्ता लाग्न सक्छ । चेपाङ, चिउरी एवं चमेरोसँग के कस्तो अन्तर्सम्बन्ध एवं पारस्परिक प्रगाढता थियो र छ त्यसबारे म अनभिज्ञ छैन । सो कार्यक्रम स्थानीय तहको २० प्रतिशत साझेदारीमा लागु गरिने वाग्मती प्रदेश सरकारका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले जानकारी दिइन् । यो योजनाको दीर्घकालीन गन्तव्य चिउरी नर्सरी स्थापना, चिउरी रोपण सचेतनामूलक कार्यक्रम, मौरीपालन व्यवसायको प्रवर्द्धन गर्नु, महको बजारीकरण कार्यक्रममार्फत गरिने भनिएको छ । चेपाङ समुदायलाई यो कार्यक्रममार्फत दिगो अर्थोपार्जनको स्रोत हुनेछ । मैले सुनेअनुसार चिउरीको गेडामा लुगा धुने साबुनको काम गर्ने क्षमता पनि हुन्छ रे । यो साबुनको पनि काम दिने हो भने चिउरी त बहुउपयोगी वस्तु भएन र ? पिछडिएको चेपाङ समुदायको विद्यमान अवस्था धेरै नै दयनीय छ । शुद्ध खानेपानी पाउँदैनन् । बालविवाह अर्को रोग हो । १४ वर्ष नपुग्दै अधिकांश चेपाङ बालिका आमा बनिसक्छ । सफा सुग्घरको चरम अभाव छ । परिवार नियोजनको कुरा सुन्दा हाँस्छन् । बाल मृत्यु अति धेरै छ । वाग्मती प्रदेश सरकारको सामाजिक विकासमन्त्री मोक्तानमा यो चेपाङ समुदायमा प्रवेश गर्ने विचार आउनु नै ठुलो कुरा भयो ।

**अरू जातिमा पनि यो जानुपर्‍यो**

वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले चेपाङ समुदायको विकास सार्‍है खाँचो भइसकेको थियो भनेर चेपाङ समुदायलाई यो चिउरी चमेरोको विकास गर्न लगाएर यो समुदायकै दीर्घकालीन विकासमा लगाउन सकिने धारणा राखे । यो एउटा कुरामा ध्यान दिँदा चिउरी र चमेरोसमेत संरक्षण र विकास हुने रहेछ । प्रदेश सरकारले ल्याएको यो चिउरी र चमेरो संरक्षण कार्यक्रम देख्दा सानो, आँखा नलाग्ने तर चेपाङ अल्पसङ्ख्यक समुदायका लागि अति उपयोगी कार्यक्रम ठहरिनेछ यदि हतार गरिएन भने । तर, नेपाली समुदायमा एउटा उखान छ तात्तै खाउँ जली मरौँ भन्ने । पिछडिएको जाति वा समुदायमा गए चिउरी र चमेरो विकास एउटै प्रयासमा पहिलो वर्ष नै सफल भएन भनेर बिचमै छोड्न नहुने कार्यक्रम हो । यस्ता कार्यक्रममा हतार गर्नु हुँदैन । चेपाङ जातिमा चेतना ल्याउन पक्कै पनि बढी परिश्रमको खाँचो पर्छ । मन्त्री मोक्तानलाई गम्भीर भएर धैर्यसाथ चिउरी, चमेरो र चेपाङ द्विपक्षीय विकास कार्यक्रम समय लाग्ने कार्यक्रम हो भनी धैर्यधारण गर्नु आवश्यक छ । हतार गरेर काम छैन । यस्तै यस्ता साना अरू पनि धेरै कार्यक्रममा ध्यान जानुपर्‍यो । अर्को एउटा जाति छ, वनकरिया भन्नेतर्फ पनि ध्यान जानुपर्‍यो । वनकरिया वनमान्छे जस्तो भइसक्यो । वनकरियालाई पनि चेपाङलाई झैँ विशेष ध्यान दिनु जरुरी भइसक्यो ।

**भाषा र लिपि जोगाऔँ**

नेपालमा अल्पसङ्ख्यक जाति धेरै छन् । चेपाङ जाति धेरै जिल्लामा हजारौँ छन् । चेपाङभन्दा अल्पसङ्ख्यक भएका राउते, कुसुन्डा, वनकरिया, हायुजस्ता कहिल्यै नाम नसुनिएका अल्पसङ्ख्यक र लोपोन्मुख जनजाति पनि धेरै छन् । जसरी चेपाङको हक र हितको लागि वर्तमान सरकारले कार्यक्रम ल्यायो त्यसैगरी अरू अल्पसङ्ख्यक तथा लोपोन्मुख जातिको लागि कार्यक्रम ल्याएर जाति जोगाउन पर्‍यो । त्यो बहुजाति भनेको नेपालको दुर्लभ सम्पत्ति हो । एउटा अल्पसङ्ख्यक जातिलाई बाँच्न कति मुश्किल हुन्छ सबैले बुझ्दैनन् । तर, सरकारले भने बुझ्नैपर्छ । बहुजातीय समाज अद्वितीय सौन्दर्यको हुन्छ । यसको सुरक्षा हुनैपर्छ । बहुजाति, बहुभाषा र लिपि बौद्धिक सम्पदा हुन् । एउटा भाषा एकै युगमा बन्दैन । लिपि बन्न युगौँयुग लाग्नसक्छ । तसर्थ, भाषा, जाति, लिपि समाजका अमूल्य सम्पदा हुन् । एउटा भाषा मर्‍यो भने धेरै वर्षदेखिको सम्पदा लोप हुनु हो । यो वास्तविकता सबैले बुझ्दा राम्रो । तर, हामी गरिब भएर हो कि यी सम्पदाका गाँठो कुरा सहजै बुझ्दैनौँ । आज काठमाडौँको नेवार समाज मारमा भएकोले सङ्ख्या ह्रास हुँदै छ । अब त सरकार भएका मन्दिरसम्म जोगाउनै धौ धौ भइसकेको छ । विद्यालय तहमा मातृभाषाको पढाइ हुन्छ । कतिपय विद्यालयमा उच्च मावि र कलेज, विश्वविद्यालयमा कति वटा भाषाको त मातृभाषा पढ्ने विद्यार्थी नै छैनन् । यो गम्भीर विषय हो । यस्ता विपद्बाट जाति, भाषा, सभ्यता र संस्कृतिलाई जोगाउनुपर्छ । सरकारको ध्यान जाओस् ।

**सन्दर्भ : नयाँ वर्ष २०२४**

# सन् २०२३ विश्वव्यापी अमेरिकी प्रभुत्वको अन्तिम वर्ष हुनेछ ?

✍ राजन

सन् २०२३ लाई फर्केर हेर्दा विश्वव्यापी उथलपुथल र अनिश्चितताको वर्षको रूपमा सम्झिनेछ । युक्रेनमा युद्ध जारी रह्यो जबकि गाजामा इजरायल र हमासबिच मध्यपूर्वमा अर्को युद्ध सुरु भयो । थाइवानको सन्दर्भमा चीन र पश्चिमबिचको तनाव उत्तेजित बिन्दुमा पुगेर चिसो भए पनि अझै कुनै पनि अप्रत्याशित क्षणमा सजिलै विस्फोट हुनसक्छ । यसकारणले गर्दा सन् २०२३ नि:सन्देह दोस्रो विश्वयुद्धपछिको विश्वव्यापी उथलपुथलको सबैभन्दा महत्त्वपूर्ण अवधि रह्यो ।

**एकध्रुवीयताको पतन**

एक ध्रुवीय राजनीतिक व्यवस्था भनेको यस्तो प्रणाली हो जहाँ एउटा शक्तिको बाँकी सबैमाथि विशेष प्रभुत्व वा आधिपत्य हुन्छ र परिणामलाई आफ्नै स्वार्थअनुरूप व्याख्या गरिएको हुन्छ । अमेरिकाले शीतयुद्धमा सोभियत सङ्घलाई पराजित गरेपछि अमेरिका निर्विवाद विश्वव्यापी एकल प्रभुत्व राष्ट्र बन्यो । सांस्कृतिक, आर्थिक, राजनैतिक र सैन्य प्रभावलाई अमेरिकाले सम्पूर्ण विश्वभरि आफ्नो प्रभुत्व फैलाउन प्रयोग गर्‍यो । यस उद्देश्य प्राप्तिको लागि अमेरिकाले विश्वभर अनियन्त्रित सैन्य कार्य विस्तार गर्दै गयो ।

अमेरिकी एकल प्रभुत्व अघिको एकध्रुवीयलाई 'प्याक्स ब्रिटानिया' भनेर चिनिन्थ्यो । 'प्याक्स ब्रिटानिया' एक ल्याटिन शब्द हो जसको अर्थ 'ब्रिटिश शान्ति' हो । यसले इतिहासको त्यो अवधिलाई जनाउँछ जब ब्रिटिस साम्राज्यले विश्वको ठुलो भागमा विशेषगरी १९ औँ र २० औँ शताब्दीको प्रारम्भमा महत्त्वपूर्ण प्रभाव र नियन्त्रण गरेको थियो । यस युगलाई विश्व व्यापार, राजनीति र सैन्य शक्तिमा बेलायतको प्रभुत्वद्वारा चिन्हित गरिएको थियो र प्राय: आर्थिक विस्तार तथा विभिन्न महाद्वीप र देशहरूमा फैलिएको ब्रिटिश प्रभावको विशेषता थियो । बेलायतले आफ्नो एकमात्र चुनौतीको रूपमा रहेको नेपोलियनको फ्रान्सलाई पराजित गरेपछि ब्रिटिश साम्राज्यलाई विश्वव्यापी प्रभुत्ववादी राष्ट्रको रूपमा लिइयो । धेरै ठुला शक्तिहरूबिच प्रभावको लागि प्रतिस्पर्धा भएपछि प्राय: विनाशकारी परिणामहरू निस्किन्छन् । बेलायती साम्राज्यको प्रभुत्वलाई १९ औँ शताब्दीको अन्त्यमा उभिएका तीन नयाँ साम्राज्यहरू जर्मनी, जापान र इटालीको उदयले चुनौती दिएको थियो जुन पहिलो र दोस्रो विश्वयुद्धको घटनाको लागि मार्ग प्रशस्त गरियो । बेलायतले दुवै विश्वयुद्ध लड्दा लड्दै कालान्तरमा थकित भएर विश्व प्रभुत्वको अधिकार अमेरिकालाई हस्तान्तरण गर्न बाध्य भयो । त्यसकारण, नि:सन्देह बिनालडाइँ कुनै पनि मुलुकको वर्चस्व ह्रास हुँदैन । त्यसैगरी, आधुनिक समयमा पनि बिनायुद्ध अमेरिकी प्रभुत्व सकिँदैन ।

यस सन्दर्भमा सन् २०२३ अत्यन्तै महत्त्वपूर्ण रह्यो । पहिलो, युक्रेनमा युद्ध जारी छ । रुसको रणनीतिक ठाउँमा अतिक्रमण गर्ने र नाटोको नियन्त्रणमा मस्कोमा रणनीतिक पराजय थोपर्ने अमेरिकाले लक्ष्य राखेको छ । यद्यपि, २०२२ मा रुसले प्रारम्भिक झट्का भोगे पनि, यस वर्ष युक्रेनले व्यापक मिडिया प्रचारको बाबजुद कुनै प्रगति गर्न असफल भयो । पश्चिमले युक्रेनलाई समर्थन गर्न जारी राख्ने राजनीतिक इच्छाशक्ति गुमाउँदा युद्धको परिणाम युक्रेनको विपरीत गइरहेको छ । यसले अन्तत: युरोपको भविष्यको सुरक्षालाई नयाँ आकार दिनेछ र रूसले अब युक्रेनमा अति दक्षिणपन्थी कठपुतली सरकारको पूर्ण पराजय गर्ने अभियान थालेको छ ।

रुसको पुनरुत्थान र चीनको उदयपछि सन् २०१० बाट अमेरिकी एकध्रुवीयतामा ह्रास आउन थाल्यो । आफ्नो शक्ति कायम राख्दै अमेरिकाले चीन र रुसलाई नियन्त्रण गर्न अन्य देशहरूसँग व्यवहार गर्ने तरिका परिवर्तन गर्दा २०१८ र २०२३ को बिचमा ठुला परिवर्तनहरू भए, जसको कारणले संसारमा धेरै समस्याहरू निम्तिए ।

यसको अतिरिक्त गत वर्षको महत्त्वपूर्ण कुरा भनेको मध्य पूर्वको भाग्य हो । अक्टोबरमा हमासले गाजाबाट इजरायलमा आक्रमण गर्ने निर्णय गरेपछि युद्ध सुरु भयो । अब्राहम सम्झौता (अब्राहम सम्झौता इजरायल र संयुक्त अरब इमिरेट्स, बहराइन, सुडान र मोरक्कोसहित केही अरब देशहरूबिचको सम्झौता हो । तर, इरान, टर्की र प्यालेस्टिनी मुद्दालाई समर्थन गर्ने केही अन्य देशहरूले अब्राहम सम्झौताको आलोचना गरेका छन् । तिनीहरूका अनुसार सम्झौताले इजरायलसँग लामो समयदेखि विवाद रहेको राज्यत्व, सीमाहरू, यरूशलेमको स्थिति र प्यालेस्टिनी मुद्दालाई सम्बोधन नगरी मध्यपुर्वमा स्थायी शान्ति हुँदैन) मार्फत इजरायलको कट्टरपन्थी नीतिहरूको अमेरिकी समर्थनको कारण हमासलाई प्रतिरोध गर्न थप राजनीतिक ठाउँ प्रदान गरेको कारणले यो युद्ध सुरु भएको मानिन्छ । विश्वभरि कडा निन्दा भए पनि इजरायलले गाजामा भारी बमबारी जारी राखेको छ । यसले गाजा क्षेत्रलाई सैन्य बलको भरमा कब्जा गर्ने लक्ष्य राखेको छ । यसले मुस्लिम संसार र जियोनिस्ट राज्यबिचको सम्बन्धलाई अपरिवर्तनीय रूपमा क्षति पुर्‍याउने कार्य भयो भने अर्कोतिर रसिया र चीनलगायत दक्षिण ध्रुवमा रहेका मुलुकसँग पश्चिमाहरूको राजनीतिक युद्धलाई मलजल पुर्‍याउने भयो । ('जायोनिस्ट राज्य' शब्दले इजरायललाई जनाउँछ, जुन यहुदी जनताको मातृभूमिको रूपमा स्थापित भएको थियो । इजरायलको भूमिमा यहुदी राज्यको निर्माणको वकालत गर्दै १९ औँ शताब्दीको उत्तरार्द्धमा देखापरेको आन्दोलन हो जायोनवाद) अन्तत: यो युद्ध इरानमाथि अमेरिकाको कट्टरपन्थी नीति र बल प्रयोग गरेर यसलाई नियन्त्रण गर्ने प्रयासको असफलता पनि हो ।

इरान प्रभुत्वको लागि प्रतिद्वन्द्वी नभए पनि अमेरिकाको लागि एक शक्तिशाली क्षेत्रीय प्रतिद्वन्द्वी हो । तैपनि, इरान अमेरिकाको लागि एक बलियो क्षेत्रीय शत्रु हो । ठुलो जनसङ्ख्या र शक्तिको आधार भएको, सैन्य क्षमताको विकास गर्ने र मध्यपूर्वबाट अमेरिकी र इजरायली प्रभुत्वलाई हटाउने इरानको मिसन हो । इरानको यो शक्तिलाई अन्त्य गर्न इजरायललाई गाजापट्टि ध्वस्त गर्न बेलगाम छोडिदिने अमेरिकाको निर्णय धेरै अर्थमा रणनीतिक त्रुटि हो ।

त्यसैगरी, चीनसँग चलिरहेको सङ्घर्ष अमेरिकी विदेश नीतिको उच्च प्राथमिकतामा रहेको छ । अमेरिकाले चीनको सैन्य र प्राविधिक महाशक्तिको रूपमा उदयलाई नियन्त्रण गर्न खोज्ने प्रयासस्वरूप इन्डो-प्यासिफिक क्षेत्रमा सैन्य घेरा हाल्ने अमेरिकी प्रयास रहेको छ । सन् २०२३ मा सी चिनफिङ र बाइडेनको भेटपछि हाल दुई पक्षबिच विवाद भइरहेको थाइवानको मुद्दा थोरै सेलाएको छ । चीन धैर्यका साथ 'दीर्घकालीन खेल' खेल्न रुचाउँछ तर पक्कै पनि चुनौती थपिँदै छन् ।

यसरी इतिहासका पुस्तकहरूले निश्चितरूपमा २०२३ लाई भूराजनीतिकरूपमा विभाजनकारी वर्षको रूपमा सम्झनेछ । सन् २०२३ को अराजकताले युक्रेन, इजरायलदेखि थाइवानसम्म विश्वको लगाममाथि अमेरिकी पकड चिप्लिँदै छ । विशेषगरी युक्रेन र मध्यपूर्वको सन्दर्भमा सन् २०२४ अर्को निर्णायक वर्षको रूपमा प्रवेश गर्नेछ र अमेरिकी प्रभुत्व वाष्पीकरण हुनेछ ।
(विभिन्न समाचार एजेन्सीको सहयोगमा)

# पहिलो भ्रमण

## असोज १०-२६, २०४८ (26 Sept. - 12 Oct., 1991)


# कोरिया पुन:एकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्रा - २

✍ का. रोहित

**पुन:एकीकरण सडक *(१४ असोज, २०४८/30 Sept., 1991)***

बिहान ८ बजे, २ वर्षभित्र ५० हजार परिवारलाई बसाउने उद्देश्यले बनाइरहेको 'पुन: एकीकरण सडक' (Tongli Street) भन्ने निर्माणस्थल पुग्यौँ । त्यो क्षेत्र ८ वार्डमा सडकबाट विभाजित गरिएको कुरो नक्साले देखाउँथ्यो । वास्तवमा यो दुई वा अढाइ लाखको बस्ती हुनेछ अर्थात् भक्तपुर नगरजस्तो २-४ वटै अटाउने सहर हो । 'एकीकरण सडक' सडकमात्र होइन स्कूल, कलेज, अस्पताल, सिनेमा हल सबै ती क्षेत्रहरूमा उपलब्ध हुनेछन् । भनिन्छ, एउटै घरमा पनि ५ सयदेखि हजार परिवार अटाउने घरहरू बनाउन जनताले श्रमदान पनि गर्ने गर्छन् ।

बिहान ९:३० मा हामी कोरिया




पुन:एकीकरणको निम्ति अन्तर्राष्ट्रिय विशाल पदयात्राको स्तम्भको अनावरण कार्यक्रममा गयौँ । स्तम्भको दृश्य बडो राम्रो थियो ।

**राष्ट्रपतिसँग भेट**

११ बजे हामी राष्ट्रपति भवनमा पुग्यौँ । राष्ट्रपति भवन साह्रै भव्य थियो । राष्ट्रपति भवनमा हरेक ठुलठुला कोठाहरूमा राम्रा राम्रा चित्रहरू लेखिएका थिए । लाग्छ, ती सब भवन निर्माण र सजावटका सबै सामान कोरियाभित्रकै हुन् । फोटो खिच्ने बैठक, छलफल गर्ने बैठक, उपहारहरू राख्ने कोठा, कुराकानी गर्ने र भोजको कोठा सरल ढङ्गले सजाइएको तर भव्य थियो । राष्ट्रपति भवन नपुग्दै सडक र सडकका बिचका रुख, विरुवा र फूलहरू साह्रै राम्रोसित छाँटिएका थिए । बसमा बस्ने अन्य भारती, बङ्गलादेशी, पाकिस्तानी, श्रीलङ्काली आदि प्रतिनिधिहरू दङ्ग परेका थिए ।

राष्ट्रपति भवनको एउटा ठुलो कक्षमा सबै प्रतिनिधिहरू पसे, एकछिन बसे, कोरियाली चिया खाए । त्यसबेला प्रतिनिधिमण्डलका नेता र मुख्य मुख्य सदस्यहरूलाई राष्ट्रपति किम इल सङसँग कुराकानी गर्दा को को कहाँ बस्ने बन्दोबस्त गरिएको एक सूची देखाइयो । त्यहाँबाट सबै प्रतिनिधिहरू बाहिर जाने सङ्केतपछि सबै उठे र एकदल पहिले नै फोटो लिने खुड्किलाहरूमा बसिसकेका थिए । त्यो ठाउँमा हामी पुग्दा अर्को कोठाबाट का. किम इल सङ आउनुभयो र सबैसँग नाम र देश सोध्दै हात मिलाउनुभयो । अनि सबै फोटो खिच्ने ठाउँमा उभिए र फोटो खिचियो ।

त्यसपछि उपहारहरूको कोठामा लगियौँ र युरोपका प्रतिनिधिहरूले ल्याएका राम्रा राम्रा उपहारहरू देखाइए । त्यसपछि माथि कोठामा लगियो र बन्दोबस्त गरिएकै कौचमा बसेँ । मेरो स्थान का. किम इल सङको दायाँपट्टि तेस्रो नम्बरमा थियो । कुराकानीमा का. किम इल सङले प्योङ्याङलाई बाढीबाट बचाउन र खेतीको निम्ति समुद्रमा बाँध बाँध्नुपर्छ, त्यो हामीले गर्‍यौँ जनतालाई त्यसले चित्त बुझ्यो भन्ने जस्ता व्यवहारिक कुराहरू भन्नुभयो ।

त्यसपछि हामी तल ओर्लेर दिवाभोजको कक्षमा पुग्यौँ । अन्य प्रतिनिधिहरू ४-४, ५-५ जनाको टेबुलमा थिए । म राष्ट्रपति किम इल सङकै गोलो टेबुलमा उहाँको दायाँको पाँचौँ नम्बरमा थिएँ । मसँगै चौथो नम्बरमा उपराष्ट्रपति हुनुहुन्थ्यो । उहाँ नेपाल आइसक्नुभएको थियो । उहाँसँग नेपालकै आर्थिक स्थितिमा कुराकानी भयो ।

औपचारिक कार्यक्रमपछि राजकीय दिवाभोज सुरु भयो । दिवाभोजमा गुलियो स्वादको रियो केक, च्याउ मिसाएको तरकारी, मासु र फलफुलको झोल आदि परिकार र पेयपदार्थहरू थिए ।

दिवाभोजपछि सबैसँग कुराकानी गर्दै का. किम इल सङले फेरि फेरि कोरिया भ्रमण गर्न निमन्त्रणा दिँदै बिदा दिनुभयो ।

**विद्यार्थी र केटाकेटीको दरबार**

२:३० बजे म्याङयोन्डे विद्यार्थी र केटाकेटीको दरबार (Mangyondae Student and Children Palace) मा केटाकेटीको गतिविधि र सांस्कृतिक कार्यक्रम हेर्न गयौँ । हामीले पियानो, कोरियाली परम्परागत बाजा, एकर्डिन, कार्चोपी भर्ने, टी.भी. सेट बनाउने, कम्प्युटर बनाउने, व्यालेनाच, मुक्का, भलिबल, बास्केटबल, पौडी खेल्न सिकाउने आदि कोठाहरूमा केटाकेटीको सीप र कला देख्यौँ । त्यसपछि एउटा हलमा केटाकेटीहरूहरूको सांस्कृतिक कार्यक्रम सुरु भयो । माइक आफैँ तलबाट उठ्ने र माथिबाट झर्ने, कलाकारहरू र दलहरूसमेत स्वयं आवतजावत गराउने, दृश्यहरूको फेरबदल र बिजुली बत्तीको नयाँनयाँ प्रयोगले स्टेजको कौशलमा विकास गरेको देखेँ । नाचगान, फूटबल खेल्ने र सानोले ठुलोलाई पछार्ने आदि प्रदर्शनले सबैलाई आश्चर्यचकित पारे । छोटोमा कलाको क्षेत्रमा कोरियालीहरूले विश्वकर्मालाई नै कोरियामा उतारे जस्तो लाग्छ । त्यसैलाई भूस्वर्ग भनिन्छ ।

**सारियोन सहरमा (१५ असोज, २०४८/1 Oct., 1991)**

बिहान ९:३० बजे प्योङ्याङबाटै विभिन्न देशका प्रतिनिधि र कोरिया पुन:एकीकरण पदयात्राका सहभागीहरू विभिन्न बसहरूबाट नारा लेखिएका पताकाहरू फहराउँदै सारियोन भन्ने सहरतिर प्रस्थान गरे । प्योङ्याङबाट ६५ कि.मि. दक्षिणको सारियोन सहरलाई राजधानीको दक्षिणी ढोका मानिन्छ ।

११ बजे हामी सारियोन सहर पुग्यौँ । सबै देशका सहभागी र प्रतिनिधिहरू आ-आफ्ना देशको नाम र नारा लेखिएका ध्वजापताकाहरू लिएर पङ्क्तिबद्ध उभिए । संसारका विभिन्न महादेशका अनेकौँ मुलुकका कोरियाको एकीकरण चाहने शान्तिप्रेमी जनताको प्रदर्शन बडो भव्यताका साथ सुरु भयो ।

सारियोन ठुलो नहर, सिमेन्ट र रासायनिक मलजस्ता कारखाना, अनि ऐतिहासिक स्मारकहरूले चिनिन्छ । यो सहर वास्तवमा अङ्गुर र अङ्गुरको रक्सीको निम्ति पनि प्रसिद्ध छ । फलफुल र सारियोन रक्सीका धनी, सारियोनका चौडा सडकहरूको दायाँ बायाँका पेटीहरूमा हजारौँ हजार नरनारीहरू परम्परागत र आधुनिक सुकिला लुगा लगाएर हात-हातमा फूलका गुच्छाहरू र कोरियाको झन्डा हल्लाएर 'कोरिया एक हो' भन्ने गगनभेदी नारा लगाउँदै थिए । स-साना नानीहरूसमेत आ-आफ्नो आमा र बुबासँगै स-साना हातहरू हल्लाउँदै थिए- फूल र स-साना कागतका झन्डाहरू लिएर ।



**केटाकेटीको दरबार** (Mangyondae Student and Children Palace)

कोरिया पुन:एकीकरणको माग वास्तवमा एक आन्दोलन र अभियान हो । यो एक सङ्घर्ष हो । तर, सारा जनता एक किसिमले सङ्घर्ष-उत्सवको रूपमा प्रस्तुत थिए । तिनीहरूको मुखमण्डलमा एक प्रकारको गम्भीर उत्सुकता र आशाका भावना खेलिरहेका थिए । आधा घण्टाको पदयात्रापछि उक्त प्रदर्शन एक समारोह वा जनसभामा पारिणत गरियो ।

त्यस समारोहपछि पूर्व निश्चित कार्यक्रमअनुसार हामी गोदावरी, दक्षिणकाली वा गोकर्ण जस्तो एक प्राकृतिक सौन्दर्यले भरिपूर्ण र रमणीय ठाउँमा लगियौँ । सन् १३२७ मा स्थापित बुद्ध-मन्दिरहरूले सजिएको त्यस सुन्दर स्थलमा वनभोज भयो । झरनाहरू, स-साना पोखरी, हरिया वन-जङ्गल र हरिया चौर र झारहरूले आफ्नै देश नेपालको सम्झना झलझली आइरहन्थ्यो । वनभोजको शैली झन्डै आधुनिक थियो- सीसी र बट्टामा बन्द खानाका परिकारहरूको बाहुल्य थियो । हाम्रो जस्तो हरियो पात गाँसिएको भ्वेयलप्ते (भोजको पात), लाभा, पालु, मुस्या, बजी (लसुन, अदुवा, भटमास, चिउरा) आदि थिएन । सारमा, त्यो वनभोज पाँचतारे होटलकै ढाँचा-काँचामा बन्दोबस्त गरिएको थियो ।



**का. किम इल सङसँग सामूहिक फोटो खिचाउनुहुँदै लेखक (राष्ट्रिय पोशाकमा)**

बुद्धका मूर्तिहरू र प्राचीन वास्तुकलाका मन्दिरहरूले त्यस ठाउँप्रति हामी नेपालीहरूमा आत्मीयताको भावना जाग्नु स्वाभाविक थियो ।

**कैसोङतिर**

वनभोज र नाचगानपछि २:३० बजे हाम्रो पुन:एकीकरण यात्रादल कैसोङ भन्ने अर्को सहरको निम्ति प्रस्थान गर्‍यो । यात्रा रेलमा थियो । रेल पनि हाम्रा नारा र ध्वजापताकाले सजिएको थियो । रेल साह्रै सफा, एकएक यात्रुलाई आराम गर्न एकएक सीटको ओछ्यानको बन्दोबस्त भएको लामो यात्रा गर्ने खालको थियो । आरामदायी र चिटिक्क परेको त्यस रेल यात्रामा केही मित्रहरू देश-विदेशबारे कुराकानी र छलफलमा थिए, केही गीत गाउन थाले, केही कोरियाली जिनसिन चियाको घुट्को लिँदै कोरियाली खेत र खलिहानको दृश्यावलोकन गर्न थाले । हामी माणिक दाइबाट कोरियाका विविध पक्षबारे जानकारी लिँदै गयौँ । औपचारिक सभा र बैठकहरूमा भन्दा अनौपचारिक कुराकानीमा माणिक दाइबाट कोरियाबारे धेरै कुरा जान सकिने मैले थाहा पाएँ । कोरियाबारे उहाँको ज्ञान गहिरो र व्यापक थियो ।

राजधानी प्योङ्याङको १९२ कि.मि. दक्षिणमा पर्ने कैसोङ कोरियाको पहिलो एकीकृत देशको राजधानी थियो । यो सहर सन् ९१८ देखि १३९२ सम्म कोर्यो वंशको राजधानी रह्यो । कोर्यो वंशकै नामबाट आजको कोरियाको नाम 'कोरिया' भएको हो । यस प्राचीन नगरको लामो इतिहास र भव्य संस्कृति छ । सुरुमा यस नगरलाई राजधानी बनाउँदा, यसको नाम 'काइजु' थियो । १००० वर्ष पहिले यसको नाम कैसोङ राखिएको थियो ।

कोरियाको ठीक माझमा रहेको यो नगर कोर्यो वंशका अनेकौँ विशाल र भव्य ऐतिहासिक स्मारकहरूले भरिएको छ । कोर्यो वंशको ३१ सौँ राजा कोङमिनले यसलाई वास्तुकलाले झिलिमिली पारेका थिए र नमुनाका कलात्मक चिहानहरूको निर्माण योजनाहरू बनाएका थिए ।

झरना र प्राकृतिक सौन्दर्यले भरिएको कैसोङ बौद्ध विहार अन्य मन्दिरहरूले सजिएको छ र इन्साम अर्थात् जिनसिन भन्ने जडिबुटीको निम्ति पनि यो ठाउँ साह्रै प्रसिद्ध छ । औषधि, रक्सी र टनिक वा तागतको औषधि बनाइने इन्सान (जिनसिन) विश्व प्रसिद्ध छ । कैसोङको हावापानी र माटोको विशेषताले गर्दा त्यहाँको इन्सामले विशेष महत्त्व राखेको हो ।

त्यतिमात्र होइन कपडा उद्योग, सिलाइबुनाइ र कार्चोपी भर्ने, खाद्यवस्तुको उद्योग, माटाका वा पोसिलिन र हस्तकला, काठ र फलामे उद्योगमा यो सहरको आफ्नो पुरानो नाउँ छ भने कृषिमा धान, मकै, फलफुल, तरकारी आदि उत्पादनमा अगाडि छ ।

तर, आज यस नगरको अर्कै राजनैतिक र ऐतिहासिक महत्त्व पनि छ । यस नगरको ८ कि.मि. दक्षिणमा पानमुनजोम पर्दछ । दोस्रो विश्वयुद्धपछि सन् १९५० को जून महिनामा संरा अमेरिकी साम्राज्यवादले कोरियामाथि आक्रमण गरेको थियो । कोरियाली जनताले त्यसको विरोधमा पितृभूमि मुक्ति युद्धको रूपमा लडे र त्यो लडाइँ सन् १९५३ जुलाई महिनासम्म चल्यो ।

अन्तमा, अमेरिकी साम्राज्यवादले झुक्नुपर्यो र कोरियाली जनसेनासँग अमेरिकी सेनाले पानमुनजोममा युद्धविराम सन्धि गर्नुपर्यो । यसरी त्यही पानमुनजोमबाट ३८ समानान्तर रेखामाथि उत्तर कोरिया र तल दक्षिण कोरिया भन्ने अस्थायी विभाजन गरिएको थियो । त्यो आजसम्म कायमै छ ।

यस नगरबाट २७ कि.मि. उत्तरमा ५ मिटर उचाइ र जगमा १० मिटर चौडा भएको पूर्वदेखि पश्चिमसम्मको २४० कि.मि. लामो सिमेन्टको पर्खाल देख्न सकिन्छ । यसरी एउटै भाषा बोल्ने, एउटै जाति, एउटै परिवार र राष्ट्रलाई विभाजन गर्ने अपराध साम्राज्यवादीहरूले गरेको प्रस्ट देखिन्छ । कैसोङमा आउने विदेशीहरू त्यहाँ जरुरै हेर्न जान्छन् अर्थात् पानमुनजोम र त्यो सिमेन्टको पर्खाल हेर्न नै विदेशीहरू कैसोङ पुग्छन् । कैसोङमा हामी नेपालीहरू पुरानै शैलीका घरहरू भएको बस्तीमा लगियौँ । त्यहाँको नियमअनुसार हामीले जुत्ता आँगनमै फुकाल्यौँ । कोठा स-साना थिए । गुन्द्री ओछ्याइएको थियो, हरेक कोठामा हाम्रो पुरानो सन्दुकजस्तै सन्दुकहरू सजाइएको थियो । ढोकाहरू हाम्रो न्ह्या खापा वा घिरिङ्गि (सरर ठेल्न हुने ढोकाको खापा) जस्ता हल्का खापाहरू थिए । नुहाउने कोठा र कोठालाई तलतिरबाट न्यानो पार्ने बन्दोबस्त आधुनिक थियो ।

बस्ने ठाउँ, कोठा र घरको शैली, भित्र चाकु राखेर बनाएका स-साना योमरी, ममचा, साख्ला (तिरौली) जस्ता खाने परिकारले कताकता पुन: नेपालकै सम्झना हुन्थ्यो । टेबुल र मेचमा होइन खानलाई भुइँमै बसेर साह्रै होचो चारकुने टेबुलमा राखेर खाना खायौँ । यसले मलाई नेपालकै कुनै नौलो ठाउँमा बसिरहेको अनुभूति दियो ।

**पानमुनजोमतिर *(१६ असोज, २०४८/2 Oct., 1991)***

भोलिपल्ट बिहान ८:३० बजे कैसोङ सहरको एक छेउबाट एकीकरण पदयात्रा सुरु गरियो । यहाँ पनि हजारौँ हजार नरनारीहरू उत्साह र उल्लासपूर्ण वातावरणमा 'कोरिया एक हो' भन्ने नारा लगाउँदै प्रदर्शनलाई फूलको गुच्छा र झन्डाहरू हल्लाएर अभिवादन गर्दै थिए । कोरियाली जनताको एक मन र एक जीउ भनेको यही हो भन्ने लाग्यो ।

हाम्रो लाय्कु वा दरबारस्क्वायर जस्तो चौडा स्थानमा पदयात्रा पुगेर एक समारोहमा परिणत भयो । त्यसपछि हामी ९:३० बजे पानमुनजोमतिर बसबाट गयौँ ।

पानमुनजोम १९५३ मा युद्धविराममा हस्ताक्षर भएको अस्थायी सीमारेखाको २४ गजे ठाउँ हो । यही ३८ डिग्री अक्षांश रेखाले अस्थायीरूपमा उत्तर र दक्षिणलाई विभाजन गर्ने सीमा कोरिएको ठाउँ हो । उत्तरतिर भवनहरूमा कोरियाली झन्डा र कोरियाली अधिकारीहरू छन् भने दक्षिणी भवनहरूमा विदेशी सेना र विदेशी झन्डाहरू फहरिएका छन् ।

ती अस्थायी सीमा कोरिएका ठाउँमै बैठक गर्ने भवनहरू बनाइएका छन् । बैठकको बिचको भागमा टेबुल हुन्छ, टेबुलको दुवैपट्टि दुई पक्षका मानिसहरू बसेर बैठक गर्ने गर्छन् । एकीकरण यात्राका सहभागीहरूले भित्रसम्म गएर हेरे, नारा लगाए । 'कोरिया एक हो', 'अमेरिकी साम्राज्यवाद मुर्दावाद', 'दक्षिणबाट अमेरिकी आणविक हातहतियार र सेना फर्काई लैजा' जस्ता नारा लगाएका थिए । विदेशी सैनिकहरू बडो लाचार भएर विभिन्न देशका शान्तिकामी जनताको आक्रोश र क्षोभका प्रतिक्रियाहरू सुनिरहे ।

त्यसपछि प्रजग कोरियापट्टि तोङली भवन अर्थात् एकीकरण आँगनमा आएर झन्डा फहराउने समारोह मनाइयो । विभिन्न देशका सहभागीहरूले एकीकरणको औचित्यता र अनिवार्यताबारे बोले, संस्मरणको निम्ति बिरुवाहरू रोप्ने कार्यक्रममा पनि भाग लिए ।

११ बजे पुन: हामी कैसोङकै चोकमा फर्क्यौँ र झन्डा र विभिन्न देशहरूबाट एकीकरणको पक्षमा गरिएका हस्ताक्षरका पुस्तकहरू हस्तान्तरण गर्ने समारोहमा भाग लियौँ । एक प्रकारको विजयोल्लासका साथ समारोह सकियो ।

१ बजे कैसोङका जनताबाट गरिएको स्वागत समारोह सुरु भयो । स्वागत समारोहपछि बिहानको खाना र नाचगान भयो ।

२ बजे हामी दक्षिण कोरियाली अधिकारीहरूले पूर्वदेखि पश्चिमसम्म बनाएको सिमेन्टको पर्खाल हेर्न गयौँ । दुर्बिनबाट देखिने त्यस पर्खालले कोरियाली जनतालाई स्थायीरूपले नै विभाजित गर्ने दक्षिणका अधिकारीहरूको कमजोर मनोबल प्रदर्शित हुन्थ्यो । तर, त्यस पर्खालको पछाडि संरा सङ्घको झन्डा पनि फहरिरहेको देखिन्थ्यो । कोरियाली विभाजनको विडम्बना यही हो !

कोरिया प्राय:द्वीपको पूर्व-पश्चिम करिब २४० किमि लामो उक्त कङ्क्रिटको पर्खाल ५ देखि ८ मिटरसम्मको उचाइको छ भने फेदमा १० देखि १९ मिटर र माथितिर ३ देखि ७ मिटरको चौडाइ छ । सन् १९७७ देखि यस पर्खालको व्यापक विरोध हुँदै आएको छ ।

२ दिनभित्रै साह्रै आत्मीय देखिएका कैसोङका जनतासँग बिदा लियौँ र ३ बजेतिर रेलबाट हामी प्योङ्याङतर्फ लाग्यौँ । राती ८:३० बजे हामी राजधानी प्योङ्याङ पुग्यौँ ।




गाजामा इजरायलले गरिरहेको नरसंहार र इजरायल–हमास युद्धविरामका लागि भूमिका खेल्न र इजरायललाई विध्वंसक हतियार आपूर्ति रोक्न माग गर्दै टर्कीको व्यापारिक सहर इस्तानबुलस्थित संरा अमेरिकी महावाणिज्य दूतावास घेराउ गर्दै टर्कीका युद्धविरोधी जनता ३१ डिसेम्बर २०२३ का दिन ।

*तस्बिर : प्रेस टिभी*

# वर्षान्त २०२३ : रुस–युक्रेन तनाव, युद्धविराम हुने अझै सम्भावना देखिएन

**- सोमनाथ लामिछाने**

काठमाडौँ, १ जनवरी । रुसले गत डिसेम्बर २९ का दिन युक्रेनको राजधानी किभसमेत ओडिस्सा, डेनिप्रो, खार्किभ, लभिभ समेत धेरैवटा सहरलाई लक्षित गरी एक सय ५८ वटा हाइपरसोनिक क्षेप्यास्त्र, ड्रोनले आक्रमण गर्यो । अहिलेसम्मकै सबैभन्दा ठूलो आक्रमण मानिएको यस घटनामा परेर कम्तीमा ३० जना युक्रेनीको ज्यान गएको थियो भने दुई सयभन्दा बढी मानिस घाइते भएका छन् । त्यसलगत्तै युक्रेनले पनि भोलिपल्ट अर्थात् डिसेम्बर ३० का दिन रुसको पश्चिमी क्षेत्र बेल्गोरोड सहरलाई लक्षित गरी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको थियो, र यस घटनामा पनि कम्तीमा २० जना रुसी नागरिकको ज्यान गएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले जनाएका छन् ।

यी पछिल्ला आक्रमण–प्रत्याक्रमणका घटनाहरूले रुस–युक्रेन युद्ध तत्कालै साम्य हुने वा युद्धविरामतर्फ उन्मुख हुने कुनै सम्भावना देखिन्न । दुई वर्षअघि सन् २०२२ फेब्रुअरी २४ का दिन रुसले छिमेकी मुलुक युक्रेनमाथि सैन्य हमला थालेको थियो । केही दिन वा महिनामै रुसले युक्रेनलाई नियन्त्रणमा लिइहाल्छ भन्ने सबैको अड्कल थियो, तर पश्चिमा मुलुकको सहयोग र समर्थन पाएर उत्साहित भएको युक्रेनले रुसलाई ठाउँ–ठाउँमा रोकेर राखेको छ । दुई वर्षदेखि अविराम चलिरहेको यो युद्ध कहिले टुङ्गिने हो कसैले भन्न सक्ने अवस्था छैन । रुस–युक्रेन युद्धलाई लिएर पश्चिमा विश्लेषकहरूले दुईवटा विकल्पमा विचार गरिरहेका थिए : पहिलो, युक्रेनलाई रुसले केही दिनकै अन्तरालमा परास्त गर्नेछ र त्यहाँ रुस समर्थक सरकार बन्नेछ । दोस्रो, रुसमाथि प्रत्याक्रमण हुनेछ र रुसले बाध्य भएर आफ्ना सेना फिर्ता गर्नेछ । तर, यी दुवै अनुमान गलत सावित भइसकेका छन् ।

**रुस–युक्रेन युद्धको पृष्ठभूमि**

सन् २०१४ मा युक्रेनको पूर्वी भेगमा रहेको इतिहासमा रुसी भू–भाग रहेको क्राइमियालाई रुसले जनमत सङ्ग्रहमार्फत रुसमा गाभेको थियो । यही समयदेखि रुसले भित्रभित्रै युक्रेनको पूर्वी डोनबास क्षेत्रमाथि नियन्त्रण गर्ने प्रयास थालेको थियो । खासगरी यस क्षेत्रमा रुसी भाषी समुदायको बाहुल्य थियो । रुसी भाषी जनतामाथि युक्रेनी सुरक्षा फौजले दमन गरेको भन्दै डोनबास क्षेत्रलाई युक्रेनबाट अलग गर्न पृथकतावादी आन्दोलन पनि चर्किएको थियो जसलाई रुसको राजनीतिक समर्थन र सैनिक सहायता उपलब्ध थियो ।

रुसले डोनबास क्षेत्रमा सक्रिय पृथकतावादीलाई समर्थन गरेसँगै पश्चिमा मुलुकले रुसविरुद्ध आर्थिक नाकाबन्दी लगाइरहेका थिए, तर सन् २०२२ मा युक्रेनविरुद्ध आक्रमण गरेपछि लगाइएका आर्थिक प्रतिबन्धहरू रुसले थेग्न नसक्ने अड्कलबाजी गरिएका थिए । तर, त्यस्तो भएन ।

पश्चिमा सैन्य गठबन्धन उत्तर एटलान्टिक सैन्य गठबन्धन (नेटो) को युरोपको पूर्वी क्षेत्रमा विस्तारसँग पनि रुस–युक्रेन युद्धलाई हेर्ने गरिएको छ । खासगरी रुसको अनुरोध र अमेरिका–रुसबिच भएको सहमतिलाई उल्लङ्घन गरी अमेरिकी अग्रसरताको नेटोको विस्तार हुँदै रुसका छिमेकी मुलुकसम्म आइपुगेपछि रुस चिढिएको थियो । रुसले आफूमाथि सुरक्षा खतरा बढेको भन्दै यस्तो नगर्न रुसी राष्ट्रपति पुटिनले चेतावनी दिइरहनुभएको थियो ।

**पश्चिमा सहयोग**

रुस–युक्रेन युद्धलाई लिएर संरा अमेरिका, बेलायत, जर्मनी, फ्रान्ससमेतका पश्चिमा मुलुकले युक्रेनलाई राजनैतिक तथा सैनिक सहायता उपलब्ध गराइरहेका छन् । युक्रेनलाई अमेरिकी अग्रसरतामा सैन्य सामग्री, पैसा, तालिमसमेतका सबै किसिमको सहयोग दिइरहेका छन् । पछिल्ला विवरणअनुसार, अमेरिका एक्लैले युक्रेनलाई ७५ अर्ब डलरभन्दा बढीको आर्थिक सहयोग गरिसकेको छ जसमा मानवीय सहायता, वित्तीय सहयोग, सुरक्षा सहायता, हातहतियार तथा अनुदान एवं ऋण समावेश छ । अमेरिका र उसका सहयोगी युरोपेली मुलुकहरूले युक्रेनलाई सैनिक बन्दोबस्तीका सामान, तालिम, क्षेप्यास्त्रहरू, हवाई प्रतिरक्षा प्रणाली, टयाङ्कहरू, ड्रोनहरू, लडाकू विमान, राडारसमेतका अत्याधुनिक उपकरण उपलब्ध गराएका छन् ।

अझै, पछिल्लो समय युक्रेनलाई उपलब्ध गराउन प्रस्ताव गरिएको ६१ अर्ब डलरको सहायता अमेरिकी कङ्ग्रेसमा विचाराधीन छ भने युरोपेली युनियनले उपलब्ध गराउन प्रस्ताव गरेको ५४ अर्ब डलरको प्याकेज हङ्गेरीको असहमतिका कारण अनुमोदन हुन सकेको छैन । यी दुवै सहायता प्याकेज ढिलोचाँडो युक्रेनले प्राप्त गर्नेछ ।

यसबिच, इजरायल–हमास युद्धपछि संरा अमेरिकासमेत पश्चिमा मुलुकको ध्यान इजरायलतर्फ पनि मोडिएको छ । इजरायललाई आर्थिक तथा सैनिक सहायता उपलब्ध गराउनुपर्ने दबाब बढेको अवस्थामा युक्रेनलाई पनि समानरूपमा सहयोग गर्न पश्चिमा राष्ट्रहरूलाई कठिनाइ उत्पन्न भएको छ ।

**युक्रेनी प्रत्याक्रमण योजना विफल**

युक्रेनी राष्ट्रपति भोलोदिमर जिलेन्स्कीले रुसको नियन्त्रणमा रहेको क्राइमियासमेत सम्पूर्ण पूर्वी क्षेत्रलाई रुसबाट मुक्त गराउने गरी जुन २०२३ मा एक महत्त्वाकाङ्क्षी प्रत्याक्रमण योजना अघि सारेका थिए । यस योजनामा पश्चिमा मुलुकहरूले पनि समर्थन जनाएर युक्रेनलाई व्यापकरूपमा हातहतियार उपलब्ध गराए । झन्डै एक हजार किलोमिटर लामो फ्रन्टलाइन छिचोल्ने गरी रुसविरुद्ध भीषण प्रत्याक्रमण पनि थालियो, तर रुसले युक्रेनी ट्याङ्क र सैनिकलाई रोक्न सफल भए । अर्थात्, जतिसुकै प्रयत्न गरे पनि रुसलाई पछि धकेल्न युक्रेनी फौज सफल भएनन् । अहिले पनि युक्रेनको झन्डै १८ प्रतिशत पूर्वी भूभागमा रुसको नियन्त्रण कायम छ । यहीबिच रुसले बरु प्रत्याक्रमण थालेको बताइएको छ । यद्यपि, यस प्रत्याक्रमण योजनामा ठूलै सङ्ख्यामा दुवै मुलुकका सेना हताहत भएको र हातहतियार नष्ट भएको छ ।

किङ्स कलेज लन्डनका युद्ध अध्ययन विभागका प्राध्यापक बार्बरा जान्चेटाको विचारमा सन् २०२४ मा युक्रेनमाथि थप दबाब सिर्जना हुनेछ । खासगरी अमेरिकी जनमत सर्वेक्षणले वर्तमान राष्ट्रपति जो बाइडेनभन्दा नेटोप्रति खासै उत्साहित नरहेका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प अगाडि रहेको देखाएकाले ट्रम्पले यही वर्ष हुने अमेरिकी राष्ट्रपतीय चुनावमा विजय हासिल गरे युक्रेनलाई प्रदान गर्ने अमेरिकी सहायतामा पनि कटौती हुने सम्भावना छ ।

तर, नेटोका महासचिव जेन्स स्टोल्टेन्बर्गले युरोपलाई बचाउने हो भने युक्रेनलाई सहायता निरन्तर उपलब्ध गराउनुपर्ने जिकिर गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "यदि पुटिनले युक्रेनलाई परास्त गरे भने उनको यो अभियान त्यतिमै रोकिने छैन । हामीले गर्ने सहायता परोपकारी काम मात्र होइन - यो हाम्रै भावी सुरक्षाका लागि लगानी हो ।"

**रुसी राष्ट्रपति पुटिन अझ शक्तिशाली**

रुस–युक्रेन युद्धमा खासै सफलता प्राप्त नभएको भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रशासन नै धरापमा पर्ने सम्भावना व्यक्त गरिरहेकै अवस्थामा उहाँ झन शक्तिशाली देखिएको पश्चिमा सञ्चार माध्यमले जनाएका छन् । यसै वर्ष हुन लागेको रुसको राष्ट्रपतीय निर्वाचनमा पुटिन फेरि उम्मेदवार हुने सार्वजनिक भइसकेको छ । जनमत सर्वेक्षणहरूले पुटिनको विजययात्रा रोक्ने कुनै उम्मेदवार नरहेको देखाइरहेका छन् । युक्रेनविरुद्ध लडिरहेको वाग्नर समूहले गरेको सैन्य विद्रोहलाई कूटनीतिक चालबाजीका साथ धराशायी बनाउन सफलता प्राप्त गरेसँगै पुटिनको लोकप्रियता रुसमै बढ्दो रहेको छ ।

रुस–युक्रेन युद्धको असर विश्वभर देखिने अनुमान गरिएको थियो । खासगरी विश्वभर खनिज तेल र खाद्यान्नको मूल्य बढ्ने आकलन गरिएका थिए । रुसी इन्धनमाथि प्रतिबन्ध लगाउने घोषणा पश्चिमा देशहरूले गरेका थिए, तर चीन र भारतसमेतका मुलुकले सस्तोमा रुसी तेल खरिद गरेपछि रुसमाथि आर्थिक दबाब सिर्जना नभएको रिपोर्टहरूले देखाएका छन् । रुस–युक्रेनले विश्वभर नै खाद्यान्न, इन्धन र अन्य सामानको मूल्यवृद्धि गराएको अवस्थामा यस युद्धलाई जतिसक्दो चाँडो अन्त्य गराउने प्रयास सम्भवत: सन् २०२४ मा पनि हुनेछ । युद्धरत पक्षहरू अझै टसमस नभएको अवस्थामा कसरी, कुन, कस्तो सहमतिमा यो युद्ध टुङ्गिन्छ भन्ने अनुमान लगाउन अहिल्यै कठिन छ । ***रासस*** *(विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा)*

**विश्व सङ्क्षेप**

## सन् २०२३ प्यालेस्टिनीका लागि सन् १९४८ पछिको सबैभन्दा घातक वर्ष

रामल्लाह, १ जनवरी (सिन्ह्वा) । प्यालेस्टिनी केन्द्रीय तथ्याङ्क विभागले सन् १९४८ यताका अन्य वर्षभन्दा सन् २०२३ मा द्वन्द्वमा बढी प्यालेस्टिनीको मृत्यु भएको जनाएको छ । विभागका अनुसार सन् २०२३ मा २२ हजार ४०४ प्यालेस्टिनीको मृत्यु भएको छ । अक्टोबर ७ मा इजरायल र गाजाको सत्तारुढ हमासबिच द्वन्द्व सुरु भएयता प्यालेष्टिनी २२ हजार १४१ जनाको मृत्यु भएको र इजरायली आक्रमणमा भएका मृत्युमध्ये ९८ प्रतिशत मृत्यु गाजामा भएको छ ।

गाजामा अहिलेसम्म करिब नौ हजार बालबालिका र छ हजार ४५० महिलाको मृत्यु भएको छ भने अक्टोबर ७ यता वेस्ट बैङ्कमा ३१९ प्यालेस्टिनी मारिएका छन् । प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले आफ्ना जनता आफ्नो भूमिबाट विस्थापित भएको स्वीकार नगर्ने बताउनुभएको छ ।

फताह आन्दोलनको स्थापनाको ५९ औं वर्षगाँठको अवसरमा जारी वक्तव्यमा अब्बासले प्यालेस्टाइनी प्राधिकरणले आफ्नो एक इन्च पनि भूभाग नछोड्ने र गाजाप्रतिको आफ्नो जिम्मेवारीबाट पछि नहट्ने बताउनुभएको छ ।

अब्बासले सैन्य समाधानले कसैलाई शान्ति वा सुरक्षा प्रदान गर्नुको साटो यस क्षेत्र र बाँकी विश्वलाई अस्थिर बनाउने बताउनुभएको छ । उहाँले प्यालेस्टाइनको स्वतन्त्रता र स्वतन्त्रताको अधिकारलाई मान्यता दिने अन्तर्राष्ट्रिय कानुन र प्रस्तावहरूमा आधारित राजनीतिक समाधानको लागि आह्वान गर्नुभएको छ ।

## चीनको विकासमा विदेशी व्यापार र लगानी महत्त्वपूर्ण

पेइचिङ, १६ पुस (सिन्ह्वा) । चीनको आर्थिक तथा प्राविधिक विकासमा गुणस्तरीय विकास , वैदेशिक व्यापार तथा लगानीको स्थिरताले महत्त्वपूर्ण भूमिका खेलेको चीनको वाणिज्य मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्याङ्कअनुसार २३० विकास क्षेत्रमा सन् २०२२ मा कूल १०.३ ट्रिलियन युआन वैदेशिक व्यापार भएको छ । जुन चीनको कूल वैदेशिक व्यापारको २५ प्रतिशत हो । विकासका क्षेत्रहरूमा उच्च–प्रविधि उत्पादनहरूको व्यापार सन् २०२२ मा तीन ट्रिलियन युआन पुगेको थियो । जुन चीनको समग्र व्यापारको २७ प्रतिशत हो । विकास क्षेत्रहरूमा प्रत्यक्ष विदेशी लगानी करिब ४३.२ अर्ब अमेरिकी डलर रहेको तथ्याङ्कले देखाएको छ । जुन चीनको कूल लगानीको २३ प्रतिशत हो ।

तथ्याङ्कअनुसार विकास क्षेत्रहरूले बलियो वैज्ञानिक र प्राविधिक आविष्कार क्षमताको विश्वास गरेका छन् । सन् २०२२ को अन्त्य सम्ममा प्रान्तीय स्तर तथा केन्द्रीय स्तरका संस्थाहरूको सङ्ख्या सन् २०२२ को अन्त्यसम्ममा बाह्र हजार पुगेको छ । आधिकारिक तथ्याङ्कअनुसार संयुक्त कूल गार्हस्थ उत्पादन सन् २०२२ मा १४ ट्रिलियन युआनमा पुगेको थियो । जुन चीनको कुल गार्हस्थ उत्पादनको १२ प्रतिशत योगदान थियो ।

# जापानमा शक्तिशाली भूकम्प सुनामीको चेतावनी

टोकियो, १ जनवरी (एएफपी) । जापानको मध्य भागमा सोमबार ७.५ म्याग्नीच्यूडको शक्तिशाली भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेक्षण (युएसजीएस) ले जनाएको छ । इशिकावा प्रान्तको नोटो क्षेत्रमा स्थानीय समयअनुसार अपराह्न ४:१० बजे गएको भूकम्पपछि राष्ट्रिय प्रसारक एनएचकेले भनेको छ, "सबै बासिन्दालाई तत्काल उच्च स्थानमा स्थानान्तरण गर्न आवश्यक छ ।"

जापानको तटीय क्षेत्रमा केन्द्रबिन्दु रहेको ३०० किलोमिटरभित्र सुनामीको खतरनाक छाल आउन सक्ने हवाईस्थित प्यासिफिक सुनामी वार्निङ सेन्टरले जनाएको छ । भूकम्पपछि इशिकावा प्रान्तको वाजिमा सहरमा १.२ मिटरको सामुद्रिक छाल आएको जापानी सञ्चारमाध्यम 'एनएचके' ले जनाएको छ । जापानको मौसम विज्ञान निकाय ( जेएमए) का अनुसार सोही क्षेत्रको नोटोमा पाँच मिटरभन्दा बढी सुनामी आउने अनुमान गरिएको छ ।

जेएमएका अनुसार जापानको मुख्य टापु होन्शुको सागरमा रहेको नोटो क्षेत्रमा स्थानीय समयअनुसार अपराह्न ४ बजेर ६ मिनेटमा ५.७ म्याग्निच्यूडको भूकम्प गएको थियो ।

त्यसपछि अपराह्न ४:१० मा ७.६ म्याग्निच्युड, ४:१८ मा ६.१ म्याग्निच्युड, ४:२३ मा ४.५ म्याग्निच्युड, ४:२९ मिनेटमा ४.६ म्याग्निच्युड र ४:३२ मिनेटमा ४.८ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसको केही समयपछि ६.२ म्याग्निच्युडको अर्को भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेले जनाएको छ ।

भूकम्पको सबैभन्दा ठूलो धक्कापछि जापानी सञ्चारमाध्यमले विशेष प्रशारण गरी प्रभावित क्षेत्रका बासिन्दाहरूलाई उच्च भूमिमा जानको लागि तत्काल आग्रह गरेका हुन् ।

"हामी तपाईंको घरको मायालाई बुझ्छौं, तपाईंको सामानहरू सबै तपाईंको लागि बहुमूल्य छन्, तर तपाईंको जीवन सबैभन्दा महत्त्वपूर्ण छ । सम्भव भएसम्म छिट्टै अग्लो जमिनमा पुग्नुहोस्," एनएचकेमार्फत प्रशारण गरिएको कार्यक्रममा प्रस्तोताले दर्शकहरूको सुरक्षाका लागि आग्रह गर्नुभयो ।

जापानमा भवनहरूले शक्तिशाली भूकम्प सहन सकून् भन्ने उद्देश्यले कडा निर्माण नियमहरू छन् र ठूलो झट्काको लागि तयारी गर्न नियमितरूपमा आपत्कालीन अभ्यासहरू हुने गर्छन् ।

तर, सन् २०११ को मार्चमा उत्तरपूर्वी जापानमा गएको ९.० म्याग्निच्यूडको भूकम्पका कारण आएको सुनामीका कारण करिब १८ हजार ५०० जनाको मृत्यु भएको थियो ।

सन् २०११ को सुनामीले फुकुशिमा आणविक केन्द्रमा तीनवटा रिएक्टरहरू पनि ध्वस्त पारेको थियो, जसले गर्दा जापानको युद्धपछिको सबैभन्दा खराब विपत्ति र चेर्नोबिलपछिको सबैभन्दा गम्भीर आणविक दुर्घटना भएको थियो ।

सन् २०२२ को मार्चमा फुकुशिमाको तटीय क्षेत्रमा गएको ७.४ म्याग्निच्यूडको भूकम्पले पूर्वी जापानको ठूलो क्षेत्रमा धक्का महसुस गरिएको थियो । राजधानी टोकियोलाई एक शताब्दीअघि सन् १९२३ मा आएको विनाशकारी भूकम्पले तहसनहस बनाएको थियो ।

# वर्षान्त २०२३ : विश्व अर्थतन्त्र थलिएको वर्ष

✍ हेमन्त जोशी

काठमाडौँ, १ जनवरी । वर्ष २०२३ विश्व अर्थतन्त्रका लागि फलिफाप रहेन । युद्ध, भूराजनीतिक तनाव, व्यापारिक सम्बन्धको उतार-चढावजस्ता कारणले विभिन्न देशका अर्थतन्त्र प्रत्यक्ष प्रभावित भए । परोक्ष प्रभाव भने विश्वभर देखियो । आपूर्ति शृङ्खला खलबलिँदा खाद्य सङ्कट, ऊर्जा तथा पेट्रोलियम सङ्कटलगायतको सामना मानव जगत्ले गर्नुपर्‍यो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा देखिएको व्यवधानलगायतका कारण मुद्रास्फीति उच्च रहन गएको पृष्ठभूमिमा हुन गएको ब्याजदरको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त देखियो । कोभिड-१९ महामारीका कारण सिर्जित समस्याको निराकरण हुन नपाउँदै रूस-युक्रेन युद्ध र पछिल्लो समय इजराइल-हमास तनावका बाछिटा विश्व अर्थतन्त्रमा देखिए ।

अन्तर्राष्ट्रिय मुद्राकोषले विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा न्यून रहने र सन् २०२४ मा सामान्य सुधार आउने प्रक्षेपण गरेको छ । मुद्राकोषको गत अप्रिलको प्रक्षेपणअनुसार विश्व अर्थतन्त्र सन् २०२३ मा दुई दशमलव आठ प्रतिशत र सन् २०२४ मा तीन प्रतिशतले विस्तार हुने देखिएको छ । त्यस्तै, उच्च मुद्रास्फीतिको स्थिति विश्व अर्थतन्त्रका लागि यस वर्षको अर्को ठूलो समस्याका रूपमा रह्यो । सन् २०२३ मा विश्व मुद्रास्फीति सात प्रतिशत र सन् २०२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण मुद्राकोषले गरेको छ । अधिकांश देशका केन्द्रीय बैङ्कहरूले सन् २०२२ को सुरुदेखि अवलम्बन गर्दै आएको कसिलो मौद्रिक नीतिको कार्यदिशालाई सन् २०२३ मा पनि कायमै राखे । विकसित मुलुकहरूले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिको प्रभाव वित्तीय बजारमा पर्न नदिन उदीयमान मुलुकहरूले पनि कसिलो मौद्रिक नीति अपनाए । चर्को ब्याजदर र कर्जा विस्तारमा सङ्कुचनको अवस्था अधिकांश मुलुकका बैङ्क वित्तीय संस्थामा देखियो । चर्को मूल्यवृद्धि र उपभोक्ता खपतमा ह्रासको स्थिति उपभोक्ता बजारमा देखियो ।

**अमेरिकी बैङ्क धराशायी**

आर्थिक र वित्तीयरूपमा अमेरिकाले यस वर्ष सन् २००८ को आर्थिक मन्दीयताको सबैभन्दा खराब समयको सामना गर्नुपर्‍यो । गत मार्चमा अमेरिकाको सिलिकन भ्याली बैङ्क डुब्यो । वित्तीयरूपमा समस्याग्रस्त भएर निक्षेपकर्ताको बचतसमेत फिर्ता दिन नसक्ने अवस्थामा पुगेपछि उक्त बैङ्कलाई गत मार्च १० मा क्यालिफोर्निया डिपार्टमेन्ट अफ फाइनान्सियल प्रोटेक्सन एन्ड इनोभेसन (डिएफपिआई) ले बन्द भएको घोषणा गर्‍यो । त्यस्तै, अमेरिकाकै सिग्नेचर बैङ्क मार्च १२ र रिपब्लिक बैङ्क मे १ मा बन्द भएको घोषणा गरियो । ती बैङ्कबाट ठूलो रकम लगानी भएका प्रविधि (टेक) कम्पनी डुब्नु र क्रिप्टोलगायत अभौतिक मुद्रा (भर्चुअल करेन्सी) को कारोबारमा ठूलो गिरावट आउनुलाई अमेरिकी बैङ्किङ प्रणाली धराशायी हुनुको मुख्य कारण मानिएको छ । त्यस्तै, बैङ्कका निक्षेपकर्ताको बैङ्कप्रति विश्वास नहुनु र आफ्नो बचत एकैपटक फिर्ता माग्नु ती बैङ्क डुब्नुको कारण बन्यो ।

**आर्टिफिसियल इन्टेलिजेन्सको दबदबा**

कृत्रिम बौद्धिकता अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) को प्रादुर्भाव, प्रयोग र त्यसको परिणाममाथिको विमर्श विश्वभर नै यस वर्ष 'हटकेक' का रूपमा रह्यो । सन् २०२२ को अन्त्यतिर च्याटजिपिटी आएपछि त्यसले विश्वभर नै एक किसिमको तरङ्ग सिर्जना गर्‍यो । ओपनएआईको च्याट जिपिटी, गुगलको च्याटबट, क्यारेक्टर डट एआई, क्विलबोट, मिडजर्नी, हगिङ फेस, बार्ड, नोभेल एआई, क्यापकटलगायतका एआई टुलहरू प्रयोगमा छन् । विद्युतीय उपकरण अर्थात् मेसिनले नै मानिस जसरी सोच्नसक्ने र निर्णय लिनसक्ने क्षमतासहित बनाइएको एआईको प्रयोगका कारण विभिन्न पेशामा पार्नसक्ने असरको पक्ष एकातिर छ भने अर्कोतिर यसको दुरुपयोगको सम्भावनाबारे पनि विश्वभर अझै बहस चलिरहेको छ । एआई अर्थात् आर्टिफिसियल इन्टेलिजेन्सलाई 'कोलिन्स वर्ड अफ दि इयर' को उपमा दिइएको छ ।

**सुनको मूल्य हालसम्मकै उच्च**

यस वर्ष विश्व बजारमा सुनको मूल्य हालसम्मकै उच्च पुग्यो । यही डिसेम्बर ४ मा विश्व बजारमा सुनको मूल्य प्रतिऔंस अमेरिकी डलर दुई हजार एक सय ५२ दशमलव तीन डलर पुगेको थियो । भूराजनीतिक अस्थिरता र अमेरिकी डलरको भाउ घट्दै जाँदा सुनको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको हो । त्यस्तै, केन्द्रीय बैङ्कहरूले आफ्नो भुक्तानी पर्याप्तता (रिजर्भ) बलियो पार्न बैङ्क नोटको सट्टा सुनलाई जम्मा गर्न थालेका कारण पनि मूल्य बढेको ठानिएको छ ।

**सङ्कटग्रस्त श्रमबजार**

मुख्यगरी प्रविधि कम्पनी र औद्योगिक क्षेत्रमा देखिएको समस्याका कारण कामदार कटौती गर्नुपरेको विषयले यस वर्ष विश्व श्रमबजारलाई तरङ्गित बनायो । गत जनवरीमा अमेजनले १८ हजार कर्मचारी कटौती गर्‍यो भने माइक्रोसफ्टले मार्चमा १० हजार कर्मचारी र त्यही महिना गुगलले १२ हजार कर्मचारी कटौती गर्ने निर्णय गरे । श्रमिक अधिकारका लागि अमेजन, वालमार्ट, फेडेक्स, टार्गेट, इन्स्टाकार्ट, अमेजनलगायत कम्पनीका कामदारले कोभिड महामारीपछि हड्ताल गर्नुपरेको समाचार विश्वभरका समाचार माध्यममा छाए । त्यस्तै, 'राइटर्स गिल्ड अफ अमेरिका' त्यहाँको मोसन पिक्चर्स र टेलिभिजन निर्माताको गठबन्धनविरुद्ध लामो समय आन्दोलन गरे । यो आन्दोलनको स्थिति सिर्जना हुनुमा आर्टिफिसियल इन्टेलिजेन्सका कारण 'कन्टेन्ट राइटर' को जागिर खोसिएको विषयलाई पनि जोडेर हेरिएको छ ।

**असमानताको वर्ष**


विश्व बैङ्कले आफ्नो समीक्षामा सन् २०२३ लाई असमानताको वर्ष भनेको छ । जलवायु परिवर्तन, युद्ध, खाद्य असुरक्षालगायतका कारण कोभिड महामारीको समयमा भन्दा पनि सन् २०२३ मा खराब स्थितिको सामना गर्नुपरेको उल्लेख गरेको छ । विश्व बैङ्कका अनुसार अहिले विश्वभर करिब ७० करोड मानिसले चरम गरिबीको सामना गरिरहेका छन् । त्यस्तै, करिब साढे १८ करोड मानिस अर्थात् विश्वको कुल जनसङ्ख्याको दुई दशमलव तीन प्रतिशत शरणार्थी र आप्रवासीका रूपमा बसिरहेका छन् । धनी र गरिबबिचको खाडल यस वर्ष थप गहिरिएको विश्व बैङ्कको ठहर छ ।

**युद्धले अस्तव्यस्त विश्व व्यापार**

विश्व व्यापार सङ्गठन (डब्लुटीओ) ले सार्वजनिक गरेको 'वर्ल्ड ट्रेड स्टाटिस्टिकल रिभ्यु २०२३' प्रतिवेदनअनुसार रुस-युक्रेन युद्ध, बढ्दो मुद्रास्फीति, कसिला मौद्रिक नीति, अधिकांश मुलुकमा देखिएको सार्वजनिक ऋणको चापलगायतका कारण सन् २०२२ जस्तै २०२३ मा पनि विश्व व्यापारले अपेक्षित गति लिन सकेन र सहज अवस्था बन्न सकेन । सन् २०२२ फेब्रुअरीदेखि चलिरहेको रुस-युक्रेन तनावका बाछिटा विश्व अर्थतन्त्रमा गम्भीररूपमा देखिइरहेका बेला गत अक्टोबर ७ मा इजराइल-हमास युद्ध सुरु भएपछि विश्व व्यापार थप अस्तव्यस्त भएको छ भने आपूर्ति शृङ्खला टुटेका छन् । यी दुई युद्धका कारण पेट्रोलियम र खाद्य पदार्थको बजार सबैभन्दा बढी प्रभावित हुन पुग्यो भने सहज आपूर्ति हुन नसक्दा मूल्यवृद्धि बढ्यो । विश्वको सबैभन्दा ठूलो चामल निर्यातक देश भारतले गत जुलाईमा निर्यात प्रतिबन्धको घोषणा गर्‍यो । भारतले यस्तो निर्णय लिनुको मुख्य कारण भूराजनीतिक अस्थिरताका कारण बढ्दो खाद्य सङ्कटलाई मानिएको छ । यमनको हुथी समूहले यही डिसेम्बर पहिलो साता 'रेड सी' को समुद्री मार्ग हुँदै गइरहेका पेट्रोलियम र कार्गो पानीजहाजमा आक्रमण गरे । यो समुद्री रुटबाट हुने व्यापारले विश्व व्यापारको करिब १२ प्रतिशत हिस्सा ओगट्छ । उक्त रुटमा हुथी समूहबाट भएको आक्रमणका कारण एसिया र युरोपको व्यापारमा नराम्रो असर परेको छ ।

**श्रम बजारमा महिलाको योगदानबारेको अध्ययनलाई नोबेल पुरस्कार**

श्रम बजारमा महिलाको योगदानबारे गरिएको अध्ययनलाई यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार दिइएको छ । हार्वर्ड विश्वविद्यालयका प्राध्यापक ७७ वर्षीया क्लाउडिया गोल्डिनलाई यो पुरस्कार दिइएको हो । श्रम बजार र पारिश्रमिकमा हुने लैङ्गिक विभेद विषय नयाँ होइन । तर, क्लाउडियाले शताब्दीऔँदेखि महिलाको कमाइ र श्रम बजारको सहभागिताबारे बृहत् अध्ययन गर्नुभएको थियो । यो अध्ययनको केन्द्रमा महिलाको विवाह र घरपरिवारप्रतिको जिम्मेवारीलाई राखेर विश्लेषण गरिएको र महिलाले गर्ने कमाइलाई बहुआयामिक पक्षबाट विश्लेषण गरिएको जनाइएको छ ।




**ट्वीटरको रिब्रान्डिङ**

अर्बपति इलन मस्कले २०२२ अक्टोबरमा सामाजिक सञ्जाल ट्वीटरलाई ४४ अर्ब अमेरिकी डलरमा खरिद गरेपछि यो विषयले विश्वभर चर्चा छायो । ट्वीटरलाई थप परिस्कृत र परिमार्जन गर्दै जाने बताउने गरेका मस्कले २०२३ जुलाई २३ देखि ट्वीटरलाई एक्सका रूपमा 'रिब्रान्ड' गर्नुभयो । एक 'सुपर एप' का रूपमा एक्सलाई स्थापित गर्ने लक्ष्यसहित यस्तो निर्णय लिइएको मस्कको भनाइ थियो । त्यसो त ट्वीटर खरिदपछि पुराना कर्मचारीलाई मस्कले बर्खास्त गरेको र विभिन्न कानुनी उल्झनमा पर्नुपरेको विषय पनि चर्चामा रह्यो ।

**धेरै मुलुकमा टिकटक प्रतिबन्ध**

सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याएको ठहर गर्दै गत कात्तिक २७ गते नेपाल सरकारले मामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गर्‍यो । नेपालले मात्र नभई यस वर्ष अरु थुप्रै देशले चिनियाँ टेक-कम्पनी बाइटडान्सअन्तर्गतको भिडियो सेयरिङ प्लेटफर्म टिकटकलाई बन्देज गर्ने घोषणा गरे । व्यक्तिगत गोपनीयता र तथ्याङ्कको गोपनीयतामाथि प्रश्न उठाउँदै सन् २०२३ को फेब्रुअरीमा युरोपियन कमिसन, युरोपियन पार्लियामेन्ट र युरोपियन युनियन काउन्सिलले सरकारी कर्मचारीको मोबाइल डिभाइसमा टिकटक बन्द गर्ने निर्णय गर्‍यो । त्यस्तै, निर्णय अमेरिका र क्यानडाले पनि गरे । ती देशका सरकारी कर्मचारीलाई ३० दिनभित्र आफ्ना डिभाइसबाट टिकटक हटाउन भनिएको थियो । संयुक्त अधिराज्य, न्युजिल्यान्ड, डेनमार्कलगायत देशले पनि टिकटकमाथि प्रतिबन्ध लगाए ।

**विश्व तापमान हालसम्मकै उच्च**

नासाले २०२३ सेप्टेम्बर १४ मा पृथ्वीको तापमान हालसम्मकै उच्च बिन्दुमा पुगेको जनायो । त्यस्तै, विश्व मौसम विज्ञान सङ्गठनले कोप २८ सम्मेलनका क्रममा सन् २०२३ लाई मानव इतिहासकै सबैभन्दा गर्मी भएको वर्षका रूपमा बतायो । अत्याधिक गर्मीका कारण हिमालय र अन्टार्टिकाको हिउँ तीव्ररूपमा पग्लिरहेको तथा समुद्रको सतह बढेको र पानी तातो हुँदै गएकोबारे सङ्गठनले विश्व समुदायको ध्यानाकर्षण गरायो ।

**उदीयमान भारत**

गत मे महिनामा भारत चीनलाई उछिनेर विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको मुलुक बन्यो । त्यस्तै, गत अगस्ट २३ मा भारतले चन्द्रयान-३ पठाएर चन्द्रमा पुग्ने चौथो मुलुक र चन्द्रमाको दक्षिणी ध्रुवमा अन्तरिक्षयान अवतरण गराउने पहिलो मुलुक बन्यो । ***रासस** (विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमको सहयोगमा)*

# अरूण नदीको पानी पुगेपछि स्थानीयवासी खुसी

भोजपुर, १६ पुस । अरूण नदीको पानी लिफ्ट प्रविधिमार्फत सातटार बस्तीमा पुगेपछि वर्षौंदेखिको पानीको समस्या हटेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरले एक हजार पाँच सय मिटर तल उचाइमा अरूण नदीको पानी सोलार लिफ्टमार्फत बस्तीमा पुऱ्याएपछि स्थानीयले सुखको श्वास फेरेको सातटारेका स्थानीयवासी गजेन्द्र कटुवालले बताउनुभयो ।

आर्थिक वर्ष २०७७/७८ बाट निर्माण थालिएको आयोजनाको कुल लागत रु. तीन करोड ३७ लाख ५८ रहेको कार्यालयले जनाएको छ । कार्यालयले सङ्खुवासभाको चैनपुर नगरपालिका- ११ मा खहरे सातटारे सोलार लिफ्ट आयोजना सञ्चालन गरेर यहाँका ६४ घर परिवारलाई पानी वितरण गरेको छ ।

घण्टौं लगाएर खोलाखोल्सी तथा अरूण नदीबाट डोकोमा बोकेर पानी खाइरहेको अवस्थामा बस्तीमा पानी पुग्दा खुसी लागेको कटुवालको भनाइ छ । "सुक्खा क्षेत्र भएकाले यहाँ पानीको अतिनै समस्या थियो", उहाँले भन्नुभयो, "खोला खोल्सी र कुवाबाट पानीको जोह गर्दै आएका थियौँ । कुवा पनि सुक्न थालेको अवस्था छ । अब भने हाम्रो वर्षौंको समस्या अन्त्य भएको छ ।"

स्थानीयले भोगिरहेको पानीको समस्या अन्त्यका लागि प्राथमिकताका साथ योजना निर्माण गरिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरका प्रमुख देवनाथ सिंहले बताउनुभयो । योजनाको मुख्य काम सकिएर वितरण सुरु भएको र उपभोक्ता समितिलाई हस्तान्तरणको तयारी गरिएको प्रमुख सिंहको भनाइ छ । "योजनाको मुख्य काम सकिएको छ", प्रमुख सिंहले भन्नुभयो, "सबै काम सकिएर बस्तीमा पानी वितरण थालिएको छ । बाँकी साना काम सम्पन्न गरी समितिलाई हस्तान्तरण गर्नेछौं ।"

सोलार लिफ्ट आयोजना सुरुमा खर्चिलो भए पनि दीर्घकालीन हिसाबले मितव्ययी भएको उहाँको भनाइ छ । खानेपानीका लिफ्ट प्रकृतिका योजना सञ्चालन गर्दा प्रदेश तथा केन्द्र सरकारले सोलार प्रविधिको लिफ्ट आयोजनालाई प्राथमिकता राख्नुपर्ने उहाँको सुझाव छ ।

"यो योजना सोलार प्रविधिबाट सञ्चालन गरिएको हो", प्रमुख सिंहले भन्नुभयो, "यस्ता खालका योजना सञ्चालनले उपभोक्ता समितिले बढी महसुल तिर्नुपर्दैन । एक पटक खर्च गरेपछि विद्युत् जस्तो धेरै खर्चिलो हुँदैन । सरकारले विद्युतीय भन्दा पनि सोलार प्रविधिलाई जोड दिन आवश्यक छ ।"

बस्तीमा पानीको हाहाकार भइरहेको अवस्थामा योजना सञ्चालनले दैनिक जीवनमा परिवर्तन आएको निर्माण उपभोक्ता समितिले जनाएको छ । योजनाको सम्पूर्ण काम सकेर ६४ घरपरिवारमा पानी वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष सूर्यबहादुर कटुवालले बताउनुभयो । उपभोक्ता समितिको चौकीदार बस्ने घरसमेत निर्माण गरिएको छ । योजनाको करिब सम्पूर्ण काम अन्तिम चरणमा रहेको अध्यक्ष कटुवालको भनाइ छ ।

"पानीको अभावमा यहाँको बस्ती नै खाली हुने अवस्था थियो", अध्यक्ष कटुवालले भन्नुभयो, "अरूण नदीबाट धमिलो पानी डोकोमा बाकेर खानुपर्ने अवस्था थियो । तर अब पानीको अभावमा भौतारिनुपर्ने अवस्थाको अन्त्य भएको छ । बस्तीमा पानी वितरण थालेका छौं । योजनाको काम लगभग सकिएको अवस्था छ ।" **(रासस)**

# हार्दिक समवेदना



जन्म
२०१९/०८/१४

निधन
२०८०/०९/१४


यस श्री बरदायणी आधारभूत विद्यालयका भूतपूर्व प्र.अ. **विणा ताम्राकार**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विद्यालय परिवार**

**श्री बरदायणी आधारभूत विद्यालय**

टौमढी-५, भक्तपुर

# हार्दिक समवेदना



जन्म
२०११

निधन
२०८०।०९।०६

**तुल्सीनारायण सुवाल**

यस भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिका सदस्य प्रकाश सुवालका पूजनीय पिता **तुल्सीनारायण सुवाल**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.**

ब्यासी-२, भक्तपुर

पाठक पत्र

# विश्वविद्यालयका कुलपति विद्यार्थी ?

देशको मात्र होइन, विश्वकै एक प्रतिष्ठित त्रिभुवन विश्वविद्यालय निरङ्कुश पञ्चायत व्यवस्थामा भन्दा चित्त दुख्ने गरी ओरालो लागेको छ । 'सर्वोत्कृष्ट' र 'अद्वितीय' भनिएको बहुदलीय प्रजातन्त्रदेखि ओरालो लागेको विश्वविद्यालय गणतन्त्रमा आइपुग्दा अस्तित्वकै समस्या आउन लागेको छ । शिक्षा क्षेत्रको लागि पञ्चायत व्यवस्था जति खराब थियो बहुदल र गणतन्त्र त अभिशाप साबित भएको छ । सबैलाई थाहा छ, शासक दलहरूबिच भागबन्डाको कुकुर झगडाले नै त्रिभुवन विश्वविद्यालय रसातलोन्मुख भएको हो ।

शैक्षिक संस्था राजनीतिमुक्त हुनुपर्ने भन्दै कुलपति प्रधानमन्त्री बनाउने बन्दोबस्त आफैंमा पाखण्डी हो । विश्वविद्यालयको कुलपति शैक्षिक व्यक्ति हुनुपर्ने शिक्षाविद्हरूको सल्लाहलाई फेरि अस्वीकार गरिएको छ र प्रधानमन्त्री नै कुलपति रहने व्यवस्था गरिएको छ । त्यसो त माओवादी आफैं शिक्षा क्षेत्रको लागि भस्मासुर हो । त्रिभुवन विश्वविद्यालयको के हविगत हुने हो ? अज्ञात छ ।

प्रधानमन्त्री हुने व्यक्ति राजनैतिक नै हुन्छ । पढेका-नपढेका जो पनि हुनसक्छ । तर, कुलपति शिक्षाविद् भए त्यस संस्थाको गरिमा बढ्थ्यो । प्रम कुलपति हुने व्यवस्थाले विश्वविद्यालयका विद्यार्थीमात्र होइन, एउटा माध्यमिक विद्यालयका विद्यार्थी पनि कुलपति हुनेछन् । त्यस्तो विश्वविद्यालयले के कुनै प्रतिष्ठा कमाउँछ, गरिमा बढाउँछ ? सरकारले यसतर्फ सोच्ने कहिले होला ?

- *कृष्णराम, भक्तपुर*

# हार्दिक श्रद्धाञ्जली



जन्म
२०३६/०५/२०

निधन
२०८०/०९/०६

**रमेश त्वानाबासु**

हाम्रा आत्मीय मित्र **रमेश त्वानाबासु**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**G8 Group**

मिजरत्न/ प्रविना शाक्य
विजय/ मन्दिरा शाक्य
मंजिव/ रजिना शाक्य
सुरजिव/ सुजाता शाक्य
धर्मसुन्दर/ अनु शाक्य
भुपेन्द्र/ सरोजा मुनंकर्मि
राजन/ निर्मला गणेश

# हार्दिक श्रद्धाञ्जली



जन्म
२०३६/०५/२०

निधन
२०८०/०९/०६

**रमेश त्वानाबासु**

झीगु यातु जः समूहका सदस्य तथा हाम्रा आत्मीय मित्र **रमेश त्वानाबासु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**झीगु यातु जः समूह**

सुनिल राजचल
मिजरत्न शाक्य
ईश्वरमान दुमरु
सुजित प्रजापति
जीवन छुस्याकी


# सिद्धि गणेश कर्नर

हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको ३०औं स्थापना दिवस(पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं ।**

**कफि बारिस्ता(COFFEE BARISTA)**

मिति : पुस १९ गतेदेखि माघ ४ गतेसम्म
समय : बेलुका ५:०० देखि ७:०० बजेसम्म
दर्ता शुल्क : रु ६००० ।- मात्र
दर्ता मिति : २०८० पुस १३ गतेभित्र

पुनश्चः बढीमा १० जनालाई मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

सदस्य व्यवसाय प्रवर्द्धन उपसमिति

**खुला २०० मि. दौड प्रतियोगिता**

| विधा | दर्ता शुल्क |
|---|---|
| ♦१०-१६ वर्षसम्म(पुरुष/महिला) | रु. १००।- |
| ♦१७-३० वर्षसम्म (पुरुष/महिला) | रु. १००।- |
| ♦३१-५० वर्षसम्म(पुरुष/महिला) | रु. १००।- |

☞ अन्तिम दर्ता : पुस २५ गते
☞ प्रतियोगिता मिति : पुस २८ गते

लघुवित्त तथा बचत समूह परिचालन उपसमिति

**अन्तर सदस्यीय एवम् नगरस्तरीय टेबलटेनिस प्रतियोगिता**

| विधा | दर्ता शुल्क | विधा | दर्ता शुल्क |
|---|---|---|---|
| ♦१६ वर्षमुनि एकल(पुरुष/महिला) | रु. १००।- | ♦३४-४४ वर्षसम्म एकल(पुरुष) | रु. १५०।- |
| ♦१६-३४ वर्षसम्म एकल(पुरुष) | रु. १५०।- | ♦४४ वर्षमाथि (पुरुष) | रु. २००।- |

☞ अन्तिम दर्ता : पुस २६ गतेसम्म ☞ प्रतियोगिता सुरु : पुस २८ गतेबाट

युवा उपसमिति

**आयकरसम्बन्धी अभिमुखीकरण कार्यक्रम**

**संस्थाको ३०औं स्थापना दिवसको उपलक्ष्यमा** यस उपसमितिको आयोजनामा **मिति २०८० पुस २३ गते बिहान ७:३० बजे संस्थाको तालिम हल, खँचामा ऋणी, शेयर सदस्य तथा सदस्य परिवारलाई निःशुल्क आयकरसम्बन्धी अभिमुखीकरण कार्यक्रम** सञ्चालन हुने भएकोले इच्छुक महानुभावहरूले आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ । **अन्तिम दर्ता मिति : २०८० पुस २२ गते।**

ऋण उपसमिति

**गतिविधि**



संस्थाको ३० औं स्थापना दिवसको अवसरमा शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अन्तर सहकारी हाजिरीजवाफ प्रतियोगिताको समापन कार्यक्रमपश्चात् सामूहिक फोटो खिचाउँदै ।



महिला तथा बालबालिका उपसमितिको आयोजनामा संस्थाको ३० औं स्थापना दिवसको अवसरमा स्वश्रृङ्गार तालिम आरम्भ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


# हार्दिक समवेदना



जन्म
२०३६/०५/२०

निधन
२०८०/०९/०६

**रमेश त्वानाबासु**

हाम्रा आफन्त समूहका सदस्य **रमेश त्वानाबासु**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । अकल्पनीय निधनले हामी दुःखित एवं मर्माहत भएका छौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनले धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**आफन्तजनहरू**

सप्तराम त्वानाबासु
पुण्यराम दुवाल
राकेश कोजु
सुमन ग्वाछा
विकास सुवाल
तुल्सीराम ग्वाछा
राजु त्वानाबासु
दिलमोहन कवां
इनाप छुकां
मायाराम त्वानाबासु
प्रवीण प्रधान
अनिल त्वानाबासु
अमन ग्वाछा
निखिल श्रेष्ठ

सम्पूर्ण आफन्तजनहरू

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा